नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष ३१, अंक २२ काठमाडौं | २०८२ माघ २ शुक्रबार | माघ कृष्णपक्ष त्रयोदशी नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Friday 16 January 2026 | पृष्ठ ८ | मूल्य रु ५।-

# नेपाली कांग्रेसको विभाजनले प्रतिनिधिसभा चुनाव अन्योलमा

**अनिल क्षेत्री / हिटा**

काठमाडौं, १ माघ

सरकार र निर्वाचन आयोग आगामी फागुन २१ गते तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीमा जोडतोडका साथ लागिरहँदा मुलुकको सबैभन्दा पुरानो र अघिल्लो चुनावबाट सबैभन्दा ठूलो दल बनेको नेपाली कांग्रेस विभाजन भएको छ। आगामी चुनावको तयारी ठिकठाक ढंगले चलिरहेको बेला मुलुकको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस अचानक फुट्दा आगामी प्रतिनिधिसभा चुनाव नै अन्योलमा परेको छ।

प्रतिनिधिसभा सदस्य चुनावको प्रत्यक्षतर्फको मनोनयनको दिन नजिकिँदै गर्दा उत्साहित भएको सरकार र निर्वाचन आयोग नेपाली कांग्रेसमा विभाजन आएसँगै रनभुल्लमा परेका छन्। चुनाव घोषणा भएदेखि निर्वाचन व्यवस्थापन र बन्दोबस्तीको काममा जुटेको निर्वाचन आयोग कांग्रेसमा आएको फुटले अप्ठेरो अवस्थामा पुगेको छ। प्रतिकूल अवस्थामा निर्वाचनको घोषणा भए पनि 'जेन-जी' आन्दोलनकारीदेखि राजनीतिक दलहरूलाई एक ठाउँमा ल्याएर निर्वाचनका लागि सहज वातावरण बनाएको आयोग प्रत्यक्षको मनोनयनतर्फ नजिकिँदै जाँदा राजनीतिक दल विभाजनको झमेलामा परेको हो। मुलुककै पुरानो र निवर्तमान प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस विभाजनले दुईमध्ये एक पक्षलाई आयोगले आधिकारिकता दिनुपर्ने हुन्छ। साथै, आधिकारिकता नपाएको अर्को समूहलाई सुरुवाती प्रक्रियादेखि नै निर्वाचन प्रक्रियामा सामेल गराउनु अर्को कठिन र जटिल हुनेछ।

» पृष्ठ २ मा क्रमशः



विशेष महाधिवेशनबाट निर्वाचित नेपाली कांग्रेसको केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू।


## गगन नेतृत्वको कांग्रेस चुनावि तयारीमा

कांग्रेसको विशेष महाधिवेशनबाट नयाँ केन्द्रीय कार्यसमिति चयन भएलगत्तै गगन थापा नेतृत्वको नेपाली कांग्रेस आगामी प्रतिनिधिसभा चुनाव केन्द्रित भएको छ।

विशेष महाधिवेशनबाट निर्वाचित नेपाली कांग्रेसको पहिलो केन्द्रीय समिति बैठकले सभापति गगन थापाको संयोजकत्वमा घोषणापत्र लेखन समिति गठन गरेको हो। बिहीबार कुपण्डोलस्थित एक पार्टी प्यालेसमा बसेको बैठकले सभापतिको संयोजकत्वमा निर्वाचनलाई लक्षित गरी घोषणापत्र लेखन समिति गठन गर्नुका साथै उपसभापति विश्वप्रकाश शर्माको संयोजकत्वमा निर्वाचन

» पृष्ठ २ मा क्रमशः

## राष्ट्रिय/अन्तर्राष्ट्रिय स्वार्थलाई रोक्न सकिएन : डा. कोइराला



नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले कांग्रेसलाई कमजोर पार्न चाहने राष्ट्रिय र अन्तर्राष्ट्रिय स्वार्थलाई रोक्न नसकिएको टिप्पणी गर्नुभएको छ। बिहीबार एक अपिल जारी गर्दै नेता कोइरालाले यसबीच दृश्यमा देखिएका र नदेखिएका अनेक अन्तरविरोधबाट आफूहरू गुज्रनुपरेको उल्लेख गर्दै भन्नुभएको छ, 'राजधानीमा षड्यन्त्रको अनेकन् राष्ट्रिय र अन्तर्राष्ट्रिय तानाबाना बुनिए र कांग्रेसलाई कमजोर पार्न चाहनेको स्वार्थलाई हामीले रोक्न सकेनौं। कांग्रेसलाई एकताबद्ध राख्ने हाम्रो भगीरथ प्रयास सफल हुन सकेन। यसको पछाडि को दोषी को निर्दोष भन्ने कुरा गरेर राष्ट्रिय राजनीतिलाई

» पृष्ठ २ मा क्रमशः

# कांग्रेसभित्र वैधानिकताको लडाइँ, निर्वाचन आयोगको निर्णय प्रतीक्षामा

**नारायण भण्डारी / हिटा**

काठमाडौं, १ माघ

विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरेसँगै नेपाली कांग्रेसको आधिकारिक मान्यता कसले पाउने भन्ने विषयले राष्ट्रिय राजनीतिमा तीव्र चासो पैदा गरेको छ। संस्थापन पक्ष र विशेष महाधिवेशन पक्ष दुवैले आफू नै वैधानिक भएको दाबी गर्दै निर्वाचन आयोग पुगेपछि आयोगको निर्णयलाई निर्णायक मानिएको छ। विशेष महाधिवेशनबाट सभापतिमा निर्विरोध निर्वाचित गगन थापाको नेतृत्वमा गठित नयाँ केन्द्रीय समितिले बिहीबार निर्वाचन आयोगमा लिखित जानकारी बुझाएको छ। सो पक्षले पार्टी विधानअनुसार महाधिवेशन प्रतिनिधिहरूको पहलमा विशेष महाधिवेशन सम्पन्न भएको र त्यसबाट नयाँ कार्यसमिति चयन भएको दाबी गरेको छ।

उक्त विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिको पहिलो बैठकले घोषणापत्र लेखन, संगठन सुदृढीकरण लगायतका निर्णयसमेत गरिसकेको छ। सभापति थापाले निर्वाचन आयोगप्रति पूर्ण भरोसा रहेको बताउँदै संविधान, कानुन र पार्टी विधानका आधारमा आयोगले निष्पक्ष निर्णय गर्ने विश्वास व्यक्त गर्नुभएको छ। 'नेपाली कांग्रेस फुटेको छैन। विधानमै व्यवस्था भएको विशेष महाधिवेशनको अभ्यास गर्दा पार्टी फुट्छ भन्ने प्रश्न नै उठ्दैन', थापाले भन्नुभयो। उहाँले अधिकांश सक्रिय सदस्यहरू आफूहरूको पक्षमा रहेको दाबीसमेत गर्नुभयो।

यसको विपरीत, संस्थापन पक्षका नेताहरूले पार्टी केन्द्रीय समितिले विशेष महाधिवेशन नबोलाएको र त्यसैले सो महाधिवेशन अवैधानिक भएको तर्क गरेका छन्।

» पृष्ठ २ मा क्रमशः



नेपाली कांग्रेसका सभापति गगन थापा बिहीबार निर्वाचन आयोगमा पार्टीको विवरण अद्यावधिक गर्नका लागि दस्तावेज हस्तान्तरण गर्नुहुँदै। तस्वीरः प्रदीपराज वन्त/रासस

## यस्तो छ कानुनी आधार

निर्वाचन आयोगमा दुवै पक्ष पुगेसँगै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को कुन दफाअन्तर्गत निर्णय हुन्छ भन्ने प्रश्न उठेको छ। आयोगका पदाधिकारीहरूका अनुसार दफा ४३ (दलको आधिकारिकतासम्बन्धी विवाद) वा दफा ५१ (दलभित्रको परिवर्तनको जानकारी) को आधारमा निर्णय हुनसक्छ। दफा ४३ अनुसार दलको नाम, छाप, विधान, पदाधिकारी वा केन्द्रीय समितिको आधिकारिकताबारे विवाद भए आयोगले निरूपण गर्ने व्यवस्था छ। त्यसका लागि केन्द्रीय समितिका कम्तीमा ४० प्रतिशत सदस्यको हस्ताक्षरसहित दाबी पेस गर्नुपर्ने प्रावधान छ।

निर्वाचन कार्यतालिका अनुसार माघ ६

» पृष्ठ २ मा क्रमशः

## कानुनविद्का फरक-फरक विचार

संविधानविद् विपिन अधिकारीले विधानसम्मत प्रक्रियाबाट आएको नयाँ नेतृत्वलाई आयोगले मान्यता दिनुपर्ने धारणा राख्नुभएको छ। 'अन्यथा पार्टीभित्रको आन्तरिक लोकतन्त्र कमजोर हुन्छ', उहाँले भन्नुभयो। वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कार्यसमितिलाई वैधानिक ठहर गर्नुभएको छ। हिमालय टाइम्ससँगको कुराकानीमा उहाँले कांग्रेसको चार वर्षे कार्यकाल मंसिरमै सकिएकाले त्यसपछि बढाइएको अवधि विधानले दिएको छुटअन्तर्गत भएको बताउनुभयो। नेतृत्वले समयमै केन्द्रीय समिति नबोलाएपछि ४० प्रतिशत महाधिवेशन

» पृष्ठ २ मा क्रमशः

### अर्थतन्त्र चलायमान बनाउन अर्थ मन्त्रालय सक्रिय

# लक्ष्यअनुसार बजेट खर्च कमजोर, राजस्व संकलनमा भने सुधार

**किरण ढकाल / हिटा**

काठमाडौं, १ माघ

सरकारले मुलुकको अर्थतन्त्र चलायमान बनाउन तथा वित्तीय क्षेत्रको सुधारका लागि सक्रिय पहल थालेको छ। पछिल्लो समय 'जेन-जी' आन्दोलन, बैंकिङ क्षेत्रमा कर्जा प्रवाहमा आएको सुस्तता, निजी क्षेत्रको लगानी घट्नुलगायत कारणले आर्थिक गतिविधि अपेक्षित रूपमा अघि बढ्न नसकेपछि अर्थ मन्त्रालयले विभिन्न सुधारात्मक कदम अघि सारेको हो।

अर्थ मन्त्रालयले भन्सार प्रशासनमा सुधार, आन्तरिक राजश्व परिचालनमा कडाइ तथा बजेट कार्यान्वयन प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिन थालेको छ। चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा तीव्रता ल्याउन अन्तरमन्त्रालय समन्वय बढाउँदै विकास आयोजनाको प्रगति तथा बजेट खर्चको अवस्था निरन्तर अनुगमन गरिरहेको मन्त्रालयले जनाएको छ।


विभिन्न मन्त्रालयहरूबाट वित्तीय प्रगतिको जानकारी लिने, आवश्यक बजेट खर्चमा जोड दिने र विकास निर्माणका काममा विशेष चासो राख्न थालेको मन्त्रालयको भनाइ छ। चालु आर्थिक वर्षमा बजेट खर्च वृद्धि गर्न स्थानीय तह, प्रदेश र संघीय सरकारका निकायहरूसँग मन्त्रालयले सक्रियता बढाएको हो।



सबल वित्तीय तथा आर्थिक व्यवस्थापनमार्फत दिगो, फराकिलो र उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने सरकारको लक्ष्यअनुसार काम भइरहेको अर्थ मन्त्रालयले स्पष्ट पारेको छ।

» पृष्ठ २ मा क्रमशः

## छुट दिने नीतिले राजस्व संकलन वृद्धि : सहप्रवक्ता ढकाल



चालु आवको ६ महिनामा उपभोगमा भएको वृद्धिले गर्दा राजस्व संकलन बढेको अर्थ मन्त्रालयका सहायक प्रवक्ता किशोर ढकालले जानकारी दिनुभयो। उहाँका अनुसार चालु आर्थिक वर्षको बजेटमा नै पुस मसान्तभित्र पुरानो बक्यौता चुक्ता गरेमा ७५ प्रतशत राजस्व छुट दिने नीति अख्तियार गरेका कारण गत आर्थिक वर्षको तुलनामा राजस्व संकलन वृद्धि भएको छ। 'यो वर्षको ६ महिनामा राजस्व संकलन गत आवको तुलनामा ८ दशमलव ०८ प्रतिशत वृद्धि भएको छ', उहाँले भन्नुभयो, 'सेयर बजार, घरजग्गा कारोबार, बैंकको ब्याज घट्ने जस्ता कारण लक्ष्यअनुसार भने राजस्व संकलन भएको छैन।' संघीय सरकारी खर्चमा पनि चालु आवको कात्तिकसम्म १२ दशमलव ९ प्रतिशतले वृद्धि भएको छ। यो वर्षको कात्तिकसम्म त्यस्तो खर्च चार खर्ब ६८ अर्ब ८९ करोड पुगेको अर्थ मन्त्रालयले जनाएको छ। गत आवमा यस्तो खर्च चार खर्ब १५ अर्ब दुई करोड रुपैयाँ थियो। कात्तिकसम्म कुल संघीय खर्चमध्ये चालु खर्च ६८ दशमलव ५ प्रतिशत, पुँजीगत खर्च ५ दशमलव ४, वित्तीय व्यवस्थापन खर्च २६ दशमलव एक प्रतिशत रहेको जनाइएको छ। गत आवमा यस्तो खर्च क्रमशः ७० दशमलव ५, ८ दशमलव ३ र २१ दशमलव २ प्रतिशत रहेको थियो। यस्तै, यो अवधिमा शोधान्तर बचत पनि १७ दशमलव ४ महिनाको वस्तु तथा सेवा आयात धान्नसक्ने अवस्थामा रहेको मन्त्रालयले जनाएको छ। यो अवधिमा वस्तु तथा सेवा निर्यात ७७ दशमलव ५ प्रतिशतले वृद्धि भएको छ भने आयात भने १८ दशमलव ७ प्रतिशतले घटेको छ।

# कञ्चनपुर कारागार घटनाको छानविन समितिले बुझायो २० बुँदे प्रतिवेदन



**यज्ञराज पाण्डे / हिटा**

काठमाडौं, १ माघ

कञ्चनपुर कारागारमा भएको झडपको विषयमा छानविन समितिले जिल्ला प्रशासन कार्यालयलाई प्रतिवेदन बुझाएको छ। गत पुस ४ गते भएको झडपको घटनापछि गठित छानविन समितिले सुधारका लागि २० बुँदे सुझावसहितको प्रतिवेदन जिल्ला प्रशासन कार्यालयलाई बुझाएको हो।

कारागारभित्रको आन्तरिक व्यवस्थापनमा अनियमितता भएको भन्दै आक्रोशित कैदीबन्दीले मूल चौकीदार, नाइके र सह-नाइकेहरूमाथि आक्रमण गर्दा आठजना घाइते भएका थिए। सोही घटनाको छानविन गर्न सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीको

» पृष्ठ २ मा क्रमशः

## कारागारभित्रको अपारदर्शिता नै विवादको मुख्य जड रहेको निष्कर्ष

सुदूरपश्चिमका कैलाली र कञ्चनपुरका कारागारमा बेला-बेला हुने झडप र सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै समितिले कारागारभित्रको अपारदर्शिता नै विवादको मुख्य जड रहेको निष्कर्ष निकालेको छ।

» पृष्ठ २ मा क्रमशः

## कैदीहरूका गुनासो सुनुवाइ गर्न महिनामा दुईपटक अन्तरक्रिया गर्नुपर्ने

कैदीबन्दीका गुनासा सुनुवाइ नहुँदा आक्रोश बढ्ने गरेको पाइएकाले कारागार प्रशासनले महिनामा कम्तीमा दुईपटक उनीहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्नुपर्ने व्यवस्था मिलाउन भनिएको छ।

» पृष्ठ २ मा क्रमशः

# उल्लासपूर्वक मनाइयो माघी पर्व



काठमाडौंको टुँडिखेलमा परम्परागत पोसाकमा रमाउँदै थारू समुदाय।

**दिपिका शर्मा / हिटा**

काठमाडौं, १ माघ


काठमाडौंसहित देशभर मकर संक्रान्ति अर्थात् माघी पर्व हर्षोल्लासका साथ मनाइएको छ।

माघे संक्रान्ति, माघे सकराती वा माघीका नामले चिनिने यस पर्वको अवसरमा थारू र मगर समुदायले काठमाडौंमा विशेष सांस्कृतिक कार्यक्रमको आयोजना गरेका थिए। थारू तथा मगर समुदायको संयुक्त आयोजनामा काठमाडौंको टुँडिखेलमा विशेष कार्यक्रम सम्पन्न भएको हो।

» पृष्ठ २ मा क्रमशः




# आउँदो आइतबारदेखि एमाले चुनावी अभियानमा होमिने



- एमाले फुट्नबाट जोगियो, महाधिवेशनले पार्टी एकजुट बनायो : अध्यक्ष ओली
- हामीले चुनावमा भाग लिँदैनौं भनेका छैनौं, समस्या वातावरण नहुनु हो : बस्नेत
- सरकार निर्वाचनको वातावरण बनाउन असफल भयो : पोखरेल
- सर्वपक्षीय सरकारका लागि विप्लव र मिराज समूहले संयुक्त संघर्ष गर्ने

**डिबी शर्मा / हिटा**

काठमाडौं, १ माघ

नेकपा (एमाले)ले आउँदो आइतबार (माघ ४) गतेदेखि चुनावी अभियान थाल्ने भएको छ। संघीय राजधानी काठमाडौंमा शक्ति प्रदर्शन गर्दै एमालेले चुनावी अभियान थाल्ने भएको हो। विशेष शक्ति प्रदर्शनपछि कमलादीस्थित प्रज्ञा भवनमा कार्यक्रम गरेर चुनावी अभियान थाल्ने एमाले बागमती प्रदेश अध्यक्ष कैलाश ढुंगेलले जानकारी दिनुभयो। प्रज्ञा भवनमा हुने सभालाई पार्टी अध्यक्ष केपी ओलीले सम्बोधन गर्नुहुने छ। सभालाई अध्यक्ष ओलीले सम्बोधन गरेसँगै चुनावको लागि आवश्यक निर्देशन पनि दिने उहाँले बताउनुभयो।

» पृष्ठ २ मा क्रमशः

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरूलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरूलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौं र गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## कञ्चनपुर कारागार...

« पृष्ठ १ बाट क्रमशः

संयोजकत्वमा गठित समितिले भविष्यमा यस्ता हिंसात्मक घटना दोहोरिन नदिन दीर्घकालीन सुधारको खाकासहित जिल्ला प्रशासन कार्यालयलाई प्रतिवेदन बुझाएको हो।

## कारागारभित्रको अपारदर्शिता...

« पृष्ठ १ बाट क्रमशः

समस्या समाधानका लागि समितिले सरकारबाट प्राप्त हुने रासन, नगद तथा जिन्सी सामग्री वितरण गर्दा प्रशासनले सबै कैदीबन्दीलाई एकै ठाउँमा भेला गराएर विवरण सार्वजनिक गर्न सुझाव दिएको छ।

यसो गर्दा सेवा सुविधाबारे शंका गर्ने ठाउँ नरहने र पारदर्शिता कायम हुने विश्वास लिइएको छ। साथै, कैदीहरूलाई आफ्नो हक-अधिकारबारे जानकारी दिन पुस्तकालयमा कारागार ऐन तथा नियमसम्बन्धी पुस्तकहरू राख्न पनि समितिले सुझाएको छ।

कारागारको आन्तरिक प्रशासनमा नाइके र चौकीदारहरूको मनोमानी रोक्न पनि समितिले कडा सुझाव दिएको छ। नाइके र चौकीदारले आफूसँग असहमत हुने कैदीलाई 'खराब चालचलन' को आरोप लगाउँदै अन्यत्र सरुवाका लागि सिफारिश गर्ने प्रवृत्ति देखिएको भन्दै अबदेखि प्रशासनले सूक्ष्म अध्ययन र सत्यतथ्य बुझेर मात्र सरुवा प्रक्रिया अघि बढाउन भनिएको छ। साथै, नाइके र सह-नाइके चयन गर्दा पनि मनलाग्दी नगरी तोकिएको मापदण्ड पूरा भएका व्यक्तिलाई मात्र जिम्मेवारी दिनुपर्ने व्यवस्था गर्न सुझाव दिइएको छ।

## कैदीहरूका गुनासो...

« पृष्ठ १ बाट क्रमशः

नियमित रूपमा सुझाव पेटिका खोल्ने, गुनासाको अभिलेख राख्ने र तत्काल समाधानको पहल गर्ने दायित्व प्रशासनलाई तोकिएको छ।

यसैगरी, भान्सा, पसल, सैलुन र खेलकुदका सामानमा केही टाठाबाठा कैदीको एकाधिकार तोड्न 'रोस्टर' (पालो) प्रणाली लागू गर्न सुझाव दिइएको छ। पसल र सेवाबाट उठेको रकम पारदर्शी रूपमा सामूहिक कोषमा जम्मा गर्ने तथा टेलिफोन र फोटोकपी सेवा सस्तो बनाउनुपर्ने विषय प्रतिवेदनमा समेटिएको छ।

सुरक्षा व्यवस्थालाई चुस्त बनाउन 'क' ब्लकको दक्षिणतर्फ रहेको भान्सा घरको छतबाट पर्खाल नाघेर कैदी भाग्नसक्ने जोखिम देखिएकाले उक्त संरचना हटाउन समितिले सुझाव दिएको छ। अदालत वा अस्पतालबाट फर्किने कैदीको चेकजाँचमा कडाइ गर्ने, सिसिटिभी क्यामेरा थप्ने, आधुनिक प्रविधिबाट निगरानी बढाउने र एउटै कर्मचारीलाई लामो समयसम्म कारागारमा नराखी नियमित सरुवा गर्नुपर्ने सुझाव पनि प्रतिवेदनमा उल्लेख छ।

साथै, छानविन समितिले बन्दी गृहभित्रको टेलिफोन र फोटोकपी सेवालाई सस्तो, सुलभ र भरपर्दो बनाउन कारागार प्रशासनले आवश्यक भूमिका खेल्नुपर्ने, आन्तरिक प्रशासनको प्रमुख जिम्मेवारीमा रहने मूल चौकीदार, नाइके र सह-नाइकेहरूको छनोट प्रक्रिया प्रचलित मापदण्डबमोजिम हुने व्यवस्था मिलाउने तथा कारागारमा आवश्यकताअनुसार सिसिटिभी क्यामेरा जडान गर्नुपर्ने सुझाव छानविन समितिले पेस गरेको हो।

सहायक प्रमुख जिल्ला अधिकारी जोशी, प्रशासकीय अधिकृत धर्मराज उपाध्याय र प्रहरी प्रवक्ता सागर बोहरा सम्मिलित समितिले तयार पारेको यो प्रतिवेदन कार्यान्वयनमा लैजाने तयारी गरिएको छ। कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाले समितिको प्रतिवेदनका आधारमा कारागार सुधार गर्दै लैजाने प्रतिबद्धता जनाउनुभएको छ।

## कांग्रेसभित्र वैधानिकताको...

« पृष्ठ १ बाट क्रमशः

देउवानिकट नेता मीनबहादुर विश्वकर्माका अनुसार पुस २६, २७ र २८ गते कांग्रेसको नाममा कुनै पनि आधिकारिक कार्यक्रम नरहेको जानकारी निर्वाचन आयोगलाई लिखित रूपमा दिइसकिएको छ।

उहाँका अनुसार विधान र केन्द्रीय समितिको निर्णयविपरीत गतिविधि गरेकाले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको जानकारी पनि आयोगलाई बुझाइएको छ। 'आयोगले प्रतिकूल निर्णय गरे कानुनी उपचार खोजिन्छ', उहाँले चेतावनी दिनुभयो।

## यस्तो छ कानुनी...

« पृष्ठ १ बाट क्रमशः

गते प्रत्यक्षतर्फ उम्मेदवारी दर्ता हुने र ९ गते अन्तिम नामावली सार्वजनिक हुने भएकाले आयोगमाथि समयमै निर्णय गर्न दबाब बढेको छ। पूर्वप्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले आयोगले यो विषय 'फास्ट ट्र्याक' बाट टुंग्याउनुपर्ने बताउनुभयो। 'आयोगको निर्णय चित्त नबुझे अदालत जान सकिन्छ, तर सर्वोच्चले अन्तरिम आदेश नदिए आयोगको निर्णय नै लागू हुन्छ,' यादवले भन्नुभयो।

## कानुनविद् भन्छन्...

« पृष्ठ १ बाट क्रमशः

प्रतिनिधिको मागअनुसार विशेष महाधिवेशन बोलाइएको उहाँको भनाइ छ। उहाँका अनुसार विशेष महाधिवेशनमा नीति, नेतृत्व र विधान संशोधनबारे छलफल हुने पूर्वजानकारी सबै पक्षलाई थियो। 'महाधिवेशन प्रतिनिधिहरूको आह्वानमा भएको विशेष महाधिवेशनबाट नेतृत्व निर्वाचित भइसकेकाले अब कांग्रेसको वैधानिक नेतृत्व गगन थापाकै हो,' अधिकारीले स्पष्ट पार्नुभयो।

वरिष्ठ अधिवक्ता तथा नेपाल बारका पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरेले नेपाली कांग्रेसको विशेष महाधिवेशन विधानसम्मत र वैधानिक रूपमा सम्पन्न भएकाले निर्वाचन आयोगले यसबारे छिट्टै निर्णय गर्ने बताउनुभयो। उहाँका अनुसार विशेष महाधिवेशनले ध्वनिमतबाट कार्यविधि पारित गरी सोहीअनुसार नेतृत्व चयन गरेकाले नेतृत्व चयन स्वयं विवादको विषय बन्न सक्दैन।

महामन्त्रीले विशेष महाधिवेशन बोलाएको कारण वैधानिकता संकटमा पर्ने तर्कलाई उहाँले अस्वीकार गर्दै केन्द्रीय कार्यालय महामन्त्रीको अधिकार क्षेत्रभित्र पर्ने भएकाले यसलाई ठूलो विवाद मान्न नहुने बताउनुभयो। घिमिरेले संवेदनशील राजनीतिक अवस्थालाई ध्यानमा राख्दै निर्वाचन आयोगले ढिलाइ नगरी निर्णय गर्ने विश्वास व्यक्त गर्नुभएको छ। तर, देउवा पक्षका कानुन व्यवसायी उपेन्द्रकेशरी न्यौपानेले भने केन्द्रीय कार्यसमिति पद रिक्त नभएकाले विशेष महाधिवेशनलाई निर्वाचन गर्ने अधिकार नरहेको दाबी गर्नुभयो। 'त्यस्तो निर्वाचनलाई कांग्रेसको आधिकारिक निर्वाचन मान्ने कानुनी आधार देखिँदैन', उहाँले भन्नुभयो। दुवै पक्षले आ-आफ्नो कानुनी आधार प्रस्तुत गरिसकेका बेला अब निर्वाचन आयोगले गर्ने निर्णयले नेपाली कांग्रेसको आधिकारिक नेतृत्व मात्र होइन, आसन्न निर्वाचनको राजनीतिक दिशा पनि तय गर्नेछ। आयोगले छिट्टै निर्णय गर्ने संकेत गरेकाले अब सबैको ध्यान उसैको फैसलातर्फ केन्द्रित भएको छ।

युवा कानुन व्यवसायी हरि दाहालका अनुसार लोकतन्त्रमा प्रक्रिया, परिणाम, बैधानिकता प्रधान कुरा हुन्। महाधिवेशन प्रतिनिधि र केन्द्रीय कार्यसमिति समानान्तर निकाय हैनन्। नेपाली कांग्रेसको बिधान को बिधायिकी मनसाय केन्द्रीय कार्य समिति कार्यकारी निकाय हो। महाधिवेशन बोलाउने, राजनीतिक निर्णय गर्ने, महासमिति बोलाउने कार्यकारी अधिकार केन्द्रीय कार्यसमितिमा निहित हुन्छ भन्ने हो।

## नेपाली कांग्रेसको...

« पृष्ठ १ बाट क्रमशः

चुनावको सम्मुखमा कांग्रेस विभाजन भएसँगै यसले पार्ने प्रभावबारे लेखाजोखा हुन थालेको छ। राजनीतिक वृत्तमा कांग्रेसको विभाजनको असर मुलुक, वर्तमान राजनीतिक व्यवस्था र संविधानमाथि समेत पर्नसक्ने आशंका गरिएको छ। सबैभन्दा बढी त फागुन २१ का लागि घोषित प्रतिनिधिसभा निर्वाचन पनि प्रभावित हुने आशंका छ। मुख्य गरी राजनीतिक दलहरू आगामी प्रतिनिधिसभा निर्वाचन सर्नेमा सशंकित देखिएका छन्। निर्वाचनको मुखमा भएको कांग्रेसको विभाजनले कांग्रेसका दुवै पक्ष निर्वाचनमा जान नसक्ने अवस्था आउनसक्ने टिप्पणी गर्दै नेकपा एमालेका उपाध्यक्ष रघुजी पन्तले भन्नुभयो, 'दुवै पक्ष निर्वाचनमा जानसक्ने अवस्था रहँदैन। त्यो भनेको प्रतिनिधिसभा पुनःस्थापना हो। सर्वोच्च अदालतले खुट्टा कमाउनुहुन्न।'

चुनाव नजिकिएको र समानुपातिक उम्मेदवारको सूची बुझाउने म्याद सकिएको अवस्थामा आधिकारिकता विवाद चर्किनु निर्वाचनका लागि राम्रो संकेत नभएको अधिकांश दलहरूको धारणा छ। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेता अग्निप्रसाद सापकोटाले कांग्रेस विभाजनको आगामी चुनावमा असर पर्नसक्ने आशंका गर्नुभएको छ। एउटा पार्टी विभाजनको कारण निर्वाचन प्रक्रिया प्रभावित हुन नहुने पार्टीको स्पष्ट धारणा रहेको उल्लेख गर्दै नेता सापकोटाले भन्नुभयो, 'कुनै पनि पार्टीभित्र बहस हुनु राम्रो र सकारात्मक कुरा हो। तर, फुट्नु राम्रो होइन। कांग्रेस विभाजनले आसन्न निर्वाचनमा असरपर्ने देखिए पनि एउटा दलको विभाजनले निर्वाचन नै प्रभावित हुन भने हुँदैन।'

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले कांग्रेसको फुटले राष्ट्रिय राजनीतिक प्रभावित हुनसक्ने चिन्ता व्यक्त गर्नुभएको छ। कांग्रेसको फुटकै कारणले निर्वाचन प्रभावित हुन्छ भन्न नसकिए पनि दुई पक्षमा विभाजित कांग्रेस निर्वाचनमा सहभागी हुनसक्ने वातावरण बनाउनु चुनौतीपूर्ण हुने उल्लेख गर्दै भन्नुभयो, 'स्वाभाविक रूपले प्रश्न उठेको छ। एउटा ठूलो हिस्सा निर्वाचनभन्दा बाहिर रहने अवस्था बन्छ कि। तर, यो अवस्था बन्नु हुँदैन।' राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रवक्ता मनीष झाले नेपालको लोकतान्त्रिक राजनीतिक यात्राको स्तम्भ स्थापित गर्ने अभियानमा रहेको दल संख्या र पदका लागि फुट्नु वा विभाजन हुनु कुनै हालतमा पनि राम्रो मान्न नसकिने स्पष्ट पार्दै भन्नुभयो, 'कांग्रेसमा सिद्धान्त र दर्शनका लागि नभएर संख्या र पदका लागि भएको लडाइँ हो। यसमा पछि कुन पक्ष हाबी वा कुन पक्ष सही गलत हुन्छ, त्यो निर्वाचन आयोग र अदालतले गर्ने निर्णयमा भर पर्नेछ। कांग्रेसमा आएको फुटले आसन्न निर्वाचन प्रभावित हुनुहुन्न।'

यता पूर्वप्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले निर्वाचन आयोगले कांग्रेसको आधिकारिकता विवादबारे फास्ट ट्र्याकमा निर्णय लिनु आवश्यक रहेको बताउनुभएको छ। पार्टीभित्रको विवादले चुनावको वातावरण फितलो बनाउने भए पनि निर्वाचन रोक्नु नहुने स्पष्ट पार्दै यादवले भन्नुभयो, 'चुनावी प्रक्रियाहरू धेरै अगाडि बढेका छन्। एउटा पार्टीभित्रको विवादले चुनावलाई नै असर गरिहाल्दैन। यो सम्बन्धित पार्टीको समस्या हो। असर उसैलाई गर्ने हो। तर, देशको सबैभन्दा पुरानो र लोकतान्त्रिक पार्टीमा आएको विवादले निर्वाचनलाई लिएर आम मतदाता र कांग्रेस कार्यकर्तामा निश्चय पनि संशय बढाएको छ। ३०-३२ प्रतिशत मत ल्याउने पार्टीमा विवाद देखिँदा निश्चय पनि राजनीतिक वातावरणलाई प्रभाव पारेको छ। तर, निर्वाचन आयोगले धेरै तयारी गरिसकेको छ। यस्तोमा चुनाव रोकिनु पनि हुँदैन।'

पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले दल विभाजनको प्रश्न खडा भइसके पनि निवारण गर्नु अनिवार्य रहेको बताउनुभएको छ। आधिकारिकताको विवाद चर्किँदै गए एउटा पक्षले निर्वाचनमा भाग लिनै नपाउनेसम्मको अवस्था आउनसक्ने उल्लेख गर्दै उप्रेतीले भन्नुभयो, 'निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने समय गुज्रिएको छ। समानुपातिकतर्फ त मतपत्र नै छापिन थालिसकेको छ। यस्तो अवस्थामा दुईमध्ये आधिकारिकता नहुने पक्षले निर्वाचनमा भागै लिन नपाउने अवस्था आउनसक्छ। निर्वाचनमा भाग लिन्छु भनेका दलहरू विभाजित भएमा अर्को पक्ष त्यो निर्वाचनमा भाग लिन नपाउने अवस्था पनि उचित होइन। मैले त फागुनको निर्वाचन सार्नु उचित हुन्छ यसअघि नै सुझाव दिइसकेको छु।'

## गगन नेतृत्वको...

« पृष्ठ १ बाट क्रमशः

परिचालन समिति गठन गरेको छ। पहिलो केन्द्रीय समितिबाट प्रवक्तामा नियुक्त हुनुभएका देवराज चालिसेले भन्नुभयो, 'यो घोषणापत्र केवल घोषणाका लागि नभई एक्सनका लागि भिजन सहितको हुनेछ। कति वर्षमा कस्तो कांग्रेस र कस्तो देश बनाउने भन्ने ठोस योजना र कार्यपद्धति यसमा समेटिनेछ। आगामी निर्वाचनमा पार्टीलाई सशक्त रूपमा प्रस्तुत गर्न उपसभापति विश्वप्रकाश शर्माको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरेको छ। समितिले देशभर पार्टी पंक्तिलाई सक्रियतापूर्वक परिचालन गर्ने र आम नागरिकलाई पार्टीसँग जोड्ने काम गर्छ।'

## राष्ट्रिय/अन्तर्राष्ट्रिय...

« पृष्ठ १ बाट क्रमशः

थप धूमिल पार्न म चाहन्न। हामी सबै कहीं न कहीं चुकेको कुरा स्वीकार्न मलाई कुनै संकोच छैन।' आफूहरूको सामु आसन्न निर्वाचनमा जाने र आठ दशक लामो कांग्रेस इतिहासको गौरवलाई जोगाउने जिम्मेवारी रहेको उल्लेख गर्दै कोइरालाले भन्नुभयो, 'हामी सबै घर फर्कौं, कांग्रेसमा फर्कौं। यहाँ जितहार कसैको छैन, सबैको विन-विन अवस्थामा हामी अगाडि बढ्न सक्छौं।'

## अर्थतन्त्र चलायमान...

« पृष्ठ १ बाट क्रमशः

आन्तरिक राजस्वको आधार सुदृढ गर्दै उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगमार्फत समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने अभियानमा मन्त्रालय केन्द्रित रहेको जनाइएको छ।

चालु आर्थिक वर्षको बजेटमा ६ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य लिइएको भए पनि विभिन्न प्रतिकूल कारणले उक्त लक्ष्य हासिल हुन कठिन देखिएको छ। विभिन्न आन्दोलन, बैंकिङ क्षेत्रबाट कर्जा प्रवाहमा आएको सुस्तता, गैर-बैंकिङ सम्पत्तिमा वृद्धि, घरजग्गा कारोबारमा आएको मन्दी, सेयर बजार तथा निजी क्षेत्रमा लगानी घटेका कारण आर्थिक वृद्धिदर लक्ष्यभन्दा कमजोर रहने संकेत देखिएको हो।

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा आम्दानी र खर्च दुवै कमजोर रहेपछि अर्थ मन्त्रालयमाथि दबाब बढेको छ। अर्धवार्षिक समीक्षा प्रतिवेदनअनुसार पुस मसान्तसम्म संघीय सरकारको कुल आम्दानी वार्षिक लक्ष्यको ३८ दशमलव ३८ प्रतिशत र खर्च ३५ दशमलव १४ प्रतिशतमा सीमित छ।

सरकारले चालु आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट विनियोजन गरेको थियो। अर्धवार्षिक अवधिमा भने ६ खर्ब ९० अर्ब २१ करोड ५४ लाख रुपैयाँ मात्र खर्च भएको छ। यसमध्ये चालुगत शीर्षकमा ४१ दशमलव २५ प्रतिशत अर्थात् चार खर्ब ८७ अर्ब १४ करोड ३१ लाख रुपैयाँ खर्च भएको छ भने पुँजीगत खर्च अत्यन्तै कमजोर रहँदै १२ प्रतिशतमा सीमित छ।

अर्थ मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको पहिलो त्रैमास (साउन, भदौ र असोज) मा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कुल गार्हस्थ उत्पादन आधारभूत मूल्यमा ३ दशमलव ०२ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ। तर, गत आर्थिक वर्षको पछिल्लो त्रैमास (वैशाख, जेठ र असार) को तुलनामा भने चालु आर्थिक वर्षको पहिलो त्रैमासमा अर्थतन्त्र १ दशमलव ६८ प्रतिशतले ऋणात्मक देखिएको तथ्यांकले जनाएको छ।

सरकारले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा सात खर्ब ११ अर्ब २१ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो। लक्ष्यअनुसार राजस्व संकलन हुन नसक्ने अवस्था देखिएपछि अर्थ मन्त्रालयले राजस्व संकलनमा थप कडाइ तथा सुधारका कदम चालेको हो। यद्यपि, गत आर्थिक वर्षको तुलनामा मूल्यवर्द्धित कर (भ्याट), भन्सार महसुल, अन्तःशुल्क लगायतका शीर्षकमा भने सुधार देखिएको अर्थ मन्त्रालयको तथ्यांकले देखाएको छ। मन्त्रालयले आगामी दिनमा बजेट खर्च र आर्थिक गतिविधि बढाउन थप नीतिगत तथा प्रशासनिक सुधार गर्ने तयारी गरेको जनाएको छ।

### पाँच खर्ब ८१ अर्ब राजस्व संकलन

चालु आर्थिक वर्षको बजेटमा राखिएको लक्ष्य पूरा नभए पनि पुस मसान्तसम्मको अवधिमा भने पाँच खर्ब ८१ अर्ब ४१ करोड राजस्व संकलन भएको अर्थ मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार यो अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा राजस्व संकलनमा २ दशमलव ४७ प्रतिशत वृद्धि भएको छ। यो कुल लक्ष्यको ८१ दशमलव ७५ प्रतिशत रहेको मन्त्रालयले जानकारी दिएको छ। गत आर्थिक वर्षको यो अवधिमा कुल पाँच खर्ब ६७ अर्ब ४० करोड रुपैयाँ राजस्व संकलन भएको थियो।

यो वर्षको ६ महिना अवधिमा आयकर गत आवको भन्दा २ दशमलव ६६ प्रतिशतले कमी आएको छ। चालु आवमा कुल एक खर्ब ३८ अर्ब १५ करोड आयकर संकलन भएको छ। गत आवको ६ महिना अवधिमा एक खर्ब ४१ अर्ब ९३ करोड आयकर संकलन भएको जनाइएको छ। अन्तशुल्क गत वर्ष ८३ अर्ब रुपैयाँ संकलन भएकोमा अहिले भने ९१ अर्ब २७ करोड पुगेको छ। भन्सार शुल्क एक खर्ब १६ अर्ब पाँच करोड छ। गत वर्ष भने एक खर्ब सात अर्ब ३७ करोड रहेको जनाइएको छ। मूल्यवृद्धि कर (भ्याट) एक खर्ब ६७ अर्ब ७१ करोड संकलन भएको छ। यो गत आवको तुलनामा ८ दशमलव ३१ प्रतिशत बढी हो। गत आवमा भने एक खर्ब ५४ अर्ब ८५ करोड मूल्यवृद्धि कर संकलन भएको जनाइएको छ।

आज वि.सं २०८२ माघ २ गते,
शुक्रबार, ई.स. २०२६ जनवरी १६, तिथि– माघ कृष्णपक्ष त्रयोदशी, मूल– नक्षत्र, ध्रुव– योग, गर– करण, चन्द्रराशि– धनु, सूर्योदय– ६:५८, सूर्यास्त– १७:३० ।



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : धार्मिक र आध्यात्मिक यात्रा वा कार्यमा संलग्न हुने सम्भावना प्रबल छ। भाग्यको साथ रहने दिन भएकाले रोकिएका कार्यहरू अघि बढ्न सक्छन्। पितासँग सम्बन्ध सुधार हुने सम्भावना छ। अध्ययन तथा प्रतियोगिता क्षेत्रका लागि लाभदायक समय छ।

वृष : स्वास्थ्यमा सामान्य कमजोरी महसुस हुनसक्छ। मानसिक तनाव तथा अप्रत्याशित खर्चले दिनलाई केही कठिन बनाउन सक्छ। गोप्य विषयमा रुचि बढ्न सक्छ, तर जोखिमपूर्ण कार्यबाट टाढा रहनु बुद्धिमानी हुनेछ।

मिथुन : साझेदार वा जीवनसाथीसँग विचार-विमर्श आवश्यक हुन सक्छ। सम्बन्धमा पारदर्शिता जरुरी छ। व्यापारिक साझेदारीमा चनाखो रहनु उपयुक्त हुनेछ। सामाजिक सञ्जालमा सकारात्मक चर्चा हुनसक्छ।

कर्कट : प्रतिस्पर्धामा विजय प्राप्त हुने दिन हो। स्वास्थ्यमा सुधार आउने संकेत छ। ऋण-समस्या समाधानतर्फ जान सक्छ। व्यावसायिक क्षेत्रमा मेहनतअनुसार फल प्राप्त हुनेछ। न्यायिक मामिलामा प्रगति देखिने योग छ।

सिंह : सन्तानसुख तथा अध्ययनमा मध्यम फलदायी दिन छ। प्रेमसम्बन्धमा मिश्रित अनुभव हुनसक्छ। सिर्जनात्मक कार्यमा लगाव बढ्नेछ। मनोरञ्जन वा कला क्षेत्रमा समय बिताउन सकिने सम्भावना छ।

कन्या : गृहसुखमा कमीको अनुभव हुनसक्छ। माताको स्वास्थ्यमा चासो दिनु पर्ने देखिन्छ। भावनात्मक उतार-चढाव रहने भएकाले संयम जरुरी छ। सम्पत्ति वा सवारीसाधनसम्बन्धी निर्णयमा धैर्यता अपनाउनु राम्रो हुनेछ।

तुला : साहस, आत्मविश्वास र संचार क्षमता उच्च रहनेछ। भाइबहिनीसँग सम्बन्ध प्रगाढ बन्नेछ। नयाँ कार्य सुरु गर्न अनुकूल समय छ। सृजनशीलता र व्यक्तित्व अभिव्यक्तिमा सफल हुन सकिने दिन हो।

वृश्चिक : वाणी मधुर बनाउनु पर्ने आवश्यकता रहन्छ। परिवारमा सामान्य खटपट हुनसक्छ। आर्थिक विषयमा विचारपूर्वक निर्णय गर्नु उपयुक्त हुनेछ। खानपानमा ध्यान दिनुहोस्। पारिवारिक मूल्यमा ध्यान दिनुपर्ने समय छ।

धनु : स्वास्थ्य, उत्साह र आत्मबलमा वृद्धि हुनेछ। व्यक्तित्वमा तेज र आकर्षण देखिनेछ। नेतृत्व क्षमता प्रस्फुटन हुनेछ। नयाँ योजना प्रारम्भ गर्न सकिने समय छ। मूल नक्षत्रको प्रभावले परिवर्तनशीलता देखिन सक्ने भएकाले अति उत्साहमा नियन्त्रण गर्नु उचित छ।

मकर : विदेशसम्बन्धी कार्यमा सफलता मिल्न सक्छ। तर आर्थिक पक्ष कमजोर हुनसक्ने संकेत छन्। निद्रा कम हुने वा मानसिक चञ्चलता बढ्ने सम्भावना छ। खर्चमा नियन्त्रण आवश्यक। शारीरिक थकान रहन सक्छ।

कुम्भ : लाभका मार्ग खुल्ने दिन हो। आकांक्षा पूरा हुने संकेत छ। सामाजिक र व्यावसायिक सञ्जाल विस्तार हुने सम्भावना छ। मित्र वा सहकर्मीको सहयोग प्राप्त हुनेछ। कुनै विशेष योजना सफल हुनसक्छ।

मीन : पेशा-व्यवसायमा सम्मान र सफलताको सम्भावना छ। उच्च पदस्थ व्यक्तिसँग भेटघाट वा सहकार्य हुनसक्छ। निर्णयशक्ति बलियो रहनेछ। पिताको मार्गदर्शन लाभदायी हुनेछ। कामको भार बढ्न सक्ने देखिन्छ।

## आउँदो आइतबारदेखि...

« पृष्ठ १ बाट क्रमशः

बागमतीको १८ सिटमा एमालेले अधिकतम् जित्ने गरी रणनीति बनाइरहेको बागमती प्रदेश उपसचिव भक्तकुमारी लामाले दाबी गर्नुभयो। 'भृकुटीमण्डपबाट विशेष प्रदर्शन सुरु भएर प्रज्ञा भवनमा सभा हुनेछ,' लामाले भन्नुभयो, 'सभाबाट बागमती प्रदेश कमिटीअन्तर्गत रहेका १८ वटै निर्वाचन क्षेत्रमा जित्ने घोषणा हुनेछ।'

एमालेले राजधानी उपत्यकाका तीन जिल्ला बाहेकलाई बागमती प्रदेश कमिटीमा राखेको छ। प्रतिनिधिसभा निर्वाचन आगामी फागुन २१ गते हुँदै छ। गत भदौ २३ र २४ गतेको 'जेन-जी' आन्दोलनको बलमा तत्कालीन संसद् विघटन भएपछि पाँच वर्ष नपुग्दै प्रतिनिधिसभा निर्वाचन हुन लागेको हो।

### एमाले फुट्नबाट जोगियो, महाधिवेशनले पार्टी एकजुट बनायो : अध्यक्ष ओली

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नेकपा एमाले फुट्नबाट जोगिएको दाबी गर्नुभएको छ। बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले नेपाली कांग्रेसमा देखिएको जस्तै अवस्था एमालेमा पनि ल्याउन खोजिएको भए पनि त्यो प्रयास असफल भएको बताउनुभयो। उहाँले पार्टीको महाधिवेशनमार्फत नेतृत्व चयन भइसकेकाले अहिले एमाले एकजुट रहेको दाबी गर्नुभयो। एक वर्षअघि नै महाधिवेशन आयोजना गरेर हल्ला र भ्रम चिरेको उल्लेख गर्दै अध्यक्ष ओलीले महाधिवेशनले पार्टीभित्रको समस्या समाधान गर्दै स्पष्ट फैसला दिएको बताउनुभयो।

प्रधानमन्त्री हुँदा आफू सुत्नसमेत नपाएको स्मरण गर्दै अध्यक्ष ओलीले सरकार सञ्चालन गर्दा सधैँ काममा तल्लिन हुनुपर्ने धारणा राख्नुभयो। 'प्रधानमन्त्री हुँदा सुत्न भ्याइँदैनथ्यो, काम त त्यसरी नै गर्नुपर्छ', उहाँले भन्नुभयो। अध्यक्ष ओलीले पहिला सबै राम्रो र अहिले सबै नराम्रो भन्ने खालको भाष्य निर्माण गर्नु उपयुक्त नभएको समेत बताउनुभयो।

यसैगरी, अध्यक्ष ओलीले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको मुद्दा फिर्ता लिएर महान्यायाधिवक्ता कार्यालय इतिहासकै लागि कलंकित बनेको टिप्पणी गर्नुभयो। उहाँले अहिले नेपालमा थिति र विधिको शासन नभएको आरोप लगाउँदै सुशासन कमजोर बनेको बताउनुभयो। कसैलाई ठगे पनि मुद्दा फिर्ता वा आममाफी पाइने अवस्था आएको भन्दै उहाँले व्यंग्यात्मक टिप्पणी गर्नुभयो।

### हामीले चुनावमा भाग लिँदैनौं भनेका छैनौं, समस्या वातावरण नहुनु हो : बस्नेत

एमाले सचिव महेश बस्नेतले आफूहरूले चुनावमा होमिने तयारी गरिराख्दा पनि सरकारले अझै वातावरण बनाउन नसकेको दाबी गर्नुभयो। बिहीबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा सचिव बस्नेतले एमालेले कहिल्यै पनि निर्वाचनमा नजाने नबोलेको बताउनुभयो। 'जेन-जी' आन्दोलनका क्रममा लुटिएका हतियार र फरार भएका कैदीहरू अझै फिर्ता हुन नसकेको उल्लेख गर्दै उहाँले सुरक्षा निकायको मनोबल कमजोर बनेको दाबी गर्नुभयो। बस्नेतले सुशीला कार्की नेतृत्वको सरकार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई बलियो बनाउने गतिविधिमा संलग्न रहेको आरोप लगाउनुभयो। रवि लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी मुद्दा फिर्ता लिने सरकारी वकिल कार्यालयको निर्णयले भ्रष्टाचारीलाई उन्मुक्ति दिन सरकार आफैं लागेको पुष्टि भएको उहाँको भनाइ छ। 'माघ ४ गते खुला सभामार्फत नेकपा (एमाले) निर्वाचनमा होमिएको सन्देश दिँदै छौं। हामीले चुनावमा भाग लिँदैनौं भनेर कहिल्यै भनेका छैनौं। अहिले समस्या चुनावको वातावरण नहुनु हो', उहाँले भन्नुभयो, 'प्रहरीहरू घाइते छन्, लुटिएका हतियार र भागेका कैदी अझै फिर्ता भएका छैनन्। आपराधिक गतिविधि अझै बढिरहेका छन्।' आगामी चुनावमा एमाले सबैभन्दा ठूलो दल बन्ने उहाँको भनाइ छ।

सरकारका मन्त्रीहरूबाट आएका अभिव्यक्तिहरू एमाले र कांग्रेसलाई कमजोर बनाउने उद्देश्यले गरिएको उहाँको दाबी छ। 'नयाँ ल्याउनुपर्छ, पुराना दलहरूको काम छैन, डिजिटल भोटिङ ठूला दलका कारण सम्भव भएन भन्ने अभिव्यक्तिहरू एमाले-कांग्रेसलाई कमजोर बनाउने प्रयत्न हुन्,' बस्नेतले भन्नुभयो।

### सरकार निर्वाचनको वातावरण बनाउन असफल भयो : पोखरेल

एमाले महासचिव शंकर पोखरेलले सरकार निर्वाचनको वातावरण बनाउन असफल भएको आरोप लगाउनुभएको छ। प्रेस चौतारी दाङले घोराहीमा बिहीबार आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै माघ ६ गते उम्मेदवारी घोषणा भइसकेको भए पनि शान्ति-सुरक्षाको प्रत्याभूति हुन नसकेको उहाँले बताउनुभयो। शान्ति-सुरक्षाको अवस्था कमजोर रहेको उल्लेख गर्दै प्रहरीको मनोबल बढाउनु मुख्य आवश्यकता भएको उहाँको भनाइ छ। 'प्रहरी हत्या गर्ने, हतियार लुट्ने र कार्यालय ध्वस्त बनाउनेले दण्ड नपाउँदासम्म पूर्ण शान्ति-सुरक्षा सम्भव हुँदैन', उहाँले भन्नुभयो। महासचिव पोखरेलले आन्दोलनका क्रममा लुटिएका हतियार र कैदीबारे छानविन गर्नुपर्ने, राजनीतिक दलहरू जनताबीच निर्वाध रूपमा जान पाउने वातावरण निर्माण गर्नुपर्ने बताउनुभयो।

आमनिर्वाचनको विषयमा एमाले छलफलमै रहेको जनाउँदै उहाँले १६५ सिटमै उम्मेदवार तय गरेर अघि बढ्ने तयारी रहेको बताउनुभयो। केही क्षेत्रमा सहकार्यका लागि संवाद भइरहेको र विप्लव समूह तथा प्रगतिशील दलहरूले एमालेसँग सहकार्यको इच्छा व्यक्त गरेको पनि उहाँले जानकारी दिनुभयो।

### सर्वपक्षीय सरकारका लागि विप्लव र मिराज समूहले संयुक्त संघर्ष गर्ने

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादी र संयुक्त 'जेन-जी' आन्दोलनका संयोजक मिराज ढुंगानाबीच सर्वपक्षीय अन्तरिम सरकार गठनका लागि संयुक्त संघर्ष गर्नेसहित चार बुँदे सहमति भएको छ। सर्वपक्षीय सरकार गठनको माग गरिरहेका दुवै पक्षका तर्फबाट बिहीबार विप्लव र ढुंगानाले सहमति पत्रमा हस्ताक्षर गर्नुभएको हो। यस्तै, 'जेन-जी' विद्रोहको मागहरू पूरा गर्न संघर्ष गर्ने, आन्दोलन र जनताको चाहनाबमोजिम संविधानको संशोधन, स्थिर सरकार, भ्रष्टाचारविरुद्ध विशेष न्यायिक निकाय गठन, राज्यको अग्रगामी पुनर्संरचनाका लागि संयुक्त रूपमा संघर्ष गर्ने सहमति भएको छ। ढुंगाना नेतृत्वको समूहले सर्वपक्षीय सरकार गठनको माग गर्दै प्रदर्शन गर्दै आएको छ। विप्लव नेतृत्वको माओवादीले पनि सर्वपक्षीय सरकार गठनको माग गर्दै आएको छ। उक्त पार्टीले गत पुस ९ गते नै वर्तमान अन्तरिम सरकार विघटन गरी सर्वपक्षीय सरकार बनाउन राष्ट्रपति रामचन्द्र पौडेललाई ज्ञापनपत्र बुझाएको थियो।

## उल्लासपूर्वक मनाइयो...

« पृष्ठ १ बाट क्रमशः

कार्यक्रममा ती समुदायका बालबालिकादेखि वृद्धवृद्धासम्म सहभागी भई आफ्ना मौलिक सांस्कृतिक पोसाक, नृत्य, कला-संस्कृति तथा परम्परागत परिकार प्रदर्शन गरेका थिए। सो अवसरमा झाँकीसहित टुँडिखेलसम्म सांस्कृतिक र्‍यालीसमेत निकालिएको थियो, जसले कार्यक्रमलाई थप आकर्षक बनाएको थियो।

माघी मेलामा पर्वका अवसरमा पकाइने ढिक्री, घोंगी, माछा, गँगटो लगायतका परिकार तथा थारू पहिरनले मेलास्थल भव्य र रंगीन बनेको थियो। थारू समुदायले माघीलाई नयाँ वर्षको सुरुवातका रूपमा मनाउने परम्परा छ। यस दिन ठूला-बडाबाट आशीर्वाद लिने, मुखिया चयन गर्ने तथा नयाँ सोच र संकल्पका साथ आगामी वर्ष बिताउने कामना गर्दै मिठो-मसिनो खाने चलन रहेको छ।

पुस मसान्तको दिन सुँगुर वा बंगुर जिता मार्ने, आगोको धुनी बाल्दै डफ र मादलको तालमा धुमरी गाएर रातभर जाग्राम बस्ने परम्परा रहेको छ। माघी पर्वको दिन बिहान सबेरै नजिकका नदी तथा तालतलैयामा स्नान गरी पूजा-आराधना र भाकल गर्ने गरिन्छ। यसरी स्नान र पूजा गरे सन्तान सुख प्राप्त हुने र मनोकांक्षा पूरा हुने विश्वास थारू समुदायमा रहिआएको छ।

यस अवसरमा ढिक्री, अण्डिक भात, खिचरी, तिलको लड्डु, लाइमुरी, भुजा, अण्डी जाँडको झोल, सखरखण्ड, खरिया, सुँगुर/बंगुरको मासु, परेवा, माछा, घोंगी, गँगटो लगायतका परिकारहरू खाने प्रचलन छ। साथै माघी पर्वमा माघी, छोक्रा, हुर्दुग्वा, लठहवा जस्ता परम्परागत नाचहरू प्रस्तुत गरिएका थिए।

यस्तै माघे संक्रान्तिका अवसरमा बिहीबार देशभरका विभिन्न पवित्र नदी, सागर तथा त्रिवेणीमा स्नान गरी मन्दिरमा पूजा-आजा गर्ने, घ्यू, चाकु, तिलको लड्डु र तरुल जस्ता खाद्यवस्तु खाने चलनअनुसार पर्व मनाइएको छ। देवघाट, बराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कन्काईलगायतका नदी तथा घाटहरूमा स्नान, दान, श्राद्ध गर्ने श्रद्धालुको ठूलो भीड लागेको थियो।

माघे संक्रान्तिलाई नेपालका विभिन्न भेग र जातजातिले आ-आफ्नै परम्परा र संस्कृतिअनुसार मनाउने गर्दछन्। थारू समुदायले माघीका रूपमा नयाँ वर्ष मानेर मनाउने गर्छन् भने मगर समुदायले पनि यस पर्वलाई नयाँ वर्षकै रूपमा विशेष महत्त्वका साथ मनाउने चलन छ। क्षेत्री, ब्राह्मण, राई, लिम्बू, नेवार, गुरुङ तथा तराई-मधेसका अन्य जातजातिले समेत आफ्ना सांस्कृतिक र धार्मिक परम्पराअनुसार माघे संक्रान्ति मनाउने गर्दछन्। टुँडिखेलमा भएको कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरू एवं विशिष्ट व्यक्तिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा प्रधानमन्त्री कार्कीले थारू समुदायको मौलिक संस्कृति, भाषा र पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले पश्चिम कञ्चनपुरदेखि पूर्व झापासम्म तथा तराई-मधेसका विभिन्न जिल्लामा बसोबास गर्ने थारु समुदाय देश-विदेशसम्म फैलिँदै गएको उल्लेख गर्नुभयो। जहाँ पुगे पनि आफ्नो मौलिक संस्कृति, भाषा, पहिचान र परम्पराको संरक्षण र अनुशरण गर्नुपर्ने उहाँको भनाइ थियो। प्रधानमन्त्री कार्कीले माघ १ गते नेपालका विभिन्न समुदायले फरक-फरक नाम, शैली र परम्पराअनुसार चाडपर्व मनाउने गरेको उल्लेख गर्नुभयो। चाडपर्व मनाउने शैली फरक भए पनि त्यसको मर्म एउटै रहेको बताउँदै उहाँले आपसी सम्मान, एकता, सद्भाव र सह-अस्तित्व नै सबै चाडपर्वको मूल सन्देश भएको स्पष्ट पार्नुभयो।

### नुवाकोटमा गोरु जुधाइको रौनक

माघे संक्रान्ति पर्वको अवसरमा नुवाकोटका विभिन्न स्थानमा परम्परागत गोरु जुधाइ आयोजना गरिएको छ। जनावर जुधाएर मनोरञ्जन लिने यस परम्परासँग ऐतिहासिक महत्त्व पनि जोडिएको छ। माघे संक्रान्तिको उत्सवअन्तर्गत गोरु जुधाइ नुवाकोटको पहिचान बोकेको सांस्कृतिक परम्परा मानिन्छ। नुवाकोटको तार्केश्वर गाउँपालिका-३ तारुकाबाट गोरु जुधाइ प्रतियोगिता सुरु भएको मानिन्छ। करिब सय वर्षअघिदेखि चल्दै आएको यस परम्परालाई पछिल्ला वर्षहरूमा मेला समिति गठन गरी व्यवस्थित रूपमा मनाइँदै आएको छ।

राजधानी काठमाडौंसहित विभिन्न जिल्लाबाट दर्शकहरू तारुकाको गोरु जुधाइ मेला अवलोकन गर्न पुगेका थिए। तारुकाको ऐतिहासिक महत्त्वलाई पछ्याउँदै हाल नुवाकोटका अन्य स्थानहरू (बेत्रावती, कपिलेश्वर पञ्चकन्या, लिखु र शिवपुरी) मा पनि गोरु जुधाइ मेलाको परम्परा सुरु भएको छ। यद्यपि, तारुकाको गोरु जुधाइ मेलालाई विशेष रूपमा हेरिने गरिन्छ।

यहाँका किसानहरूले वर्ष दिनअघि नै गोरुलाई विशेष आहार खुवाउने, स्याहार-सुसार गर्ने र मेलाका लागि तयार पार्ने गर्छन्। नुवाकोटमा गोरु जुधाइको यो पुरानो परम्परा जोगाउने र संरक्षण गर्ने उद्देश्यले हरेक वर्ष कार्यक्रम आयोजना हुँदै आएको छ। नुवाकोटका विभिन्न स्थानका साथै रसुवा र धादिङमा पनि हरेक वर्ष माघे संक्रान्तिको अवसरमा गोरु जुधाइ आयोजना हुने गरेको छ।

CMYK

# बैतडीको दोगडाकेदारमा १० शैय्याको आधारभूत अस्पताल निर्माण

**डम्बर बोहरा/हिटा**

बैतडी, १ माघ

बैतडीको दोगडाकेदार गाउँपालिकामा आधारभूत अस्पताल निर्माणको कार्य सम्पन्न भएको छ। २०७८ असारदेखि निर्माण सुरु गरिएको १० शय्याको आधारभूत अस्पतालको निर्माण कार्य सकिएको हो। दोगडाकेदार-६ सित्तडमा आधारभूत अस्पतालका लागि आधुनिक भवन निर्माण गरिएको छ। साढे आठ करोड लागतमा तीनतले भवन निर्माण गरिएको गाउँपालिकाका योजना शाखा प्रमुख, इञ्जिनियर प्रशान्त अधिकारीले जानकारी दिनुभयो। इन्द्रधनु उग्रतारा निर्माण जेभीले भवन निर्माण सम्पन्न गरेको उहाँले बताउनुभयो। भवनमा सिसिटिभी क्यामेरा जडानसँगै एसीसमेत जडान गरिएको छ। अस्पताल भवनको निर्माण कार्य सम्पन्न भएसँगै कर्मचारीको दरबन्दी कार्यान्वयन र अत्याधुनिक स्वास्थ्य उपकरणको माग गरिएको गाउँपालिकाका अध्यक्ष चक्र कार्कीले जानकारी दिनुभयो।

अस्पताल सञ्चालनमा ल्याएर पालिकावासीलाई विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन सहज हुने उहाँले बताउनुभयो। 'भवन निर्माणको काम सम्पन्न भइसकेको छ। निर्माण कम्पनीले लगत्तै हस्तान्तरण गर्दैछ। प्रदेश वा संघ सरकारले दरबन्दी स्वीकृत गरी सञ्चालनमा ल्याउन सहयोग गरेमा लगत्तै सञ्चालन हुने थियो,' अध्यक्ष कार्कीले भन्नुभयो, 'हामीले लगातार पहल गरिरहेका छौं।'

# वरिष्ठ साहित्यकार पोषण पाण्डेको सम्झनामा फर्पिङमा विद्यार्थीलाई खेलकुद र पठन सामग्री वितरण



**हिमालय टाइम्स**

काठमाडौं, १ माघ

वरिष्ठ साहित्यकार पोषण पाण्डेको ९३औँ जन्मजयन्तीको अवसरमा फर्पिङस्थित आर्य तारा स्कुलमा विद्यार्थीहरूलाई खेलकुद तथा पठन सामग्री प्रदान गरिएको छ। उक्त सहयोग साहित्यकार पोषण पाण्डेको नाममा स्थापना भएको पोषण पाण्डे तीर्थ सदनको छैठौं वार्षिकोत्सवको अवसरमा प्रदान गरिएको हो।

कार्यक्रममा फर्पिङस्थित आनी छोइङ डोल्माद्वारा सञ्चालित आर्य तारा स्कुलका करिब ७० जना साना नानी र किशोरीहरू सहभागी थिए। कार्यक्रममा उनीहरूलाई खेलकुद सामग्री र पुस्तक प्रदान गरी वरिष्ठ साहित्यकार पोषण पाण्डेको सम्झना गरिएको थियो। कार्यक्रम सदनका महासचिव रन्जु पाण्डे र विद्यालयकी शिक्षक आनी नावाङ लामो शेर्पाले सन्चालन गर्नुभएको थियो। पोषण पाण्डे तीर्थ सदनले हरेक वर्ष सामाजिक सेवा र योगदानमार्फत साहित्यकार पोषण पाण्डेको सम्झना गर्दै आएको छ। साहित्यकार पोषण पाण्डेको जन्म वि.सं. १९८९ माघ १ गते भएको थियो। उहाँले 'भिनाजुको स्वीटर', 'कृष्णदासको भित्तेघडी', 'राघेश्यामको साइकल' लगायतका कथा कृति लेख्नुभएको थियो। उहाँको निधन वि.सं. २०४९ वैशाख ७ गते काठमाडौंमा भएको थियो। यस कार्यक्रममार्फत पोषण पाण्डेको साहित्यिक योगदान र सामाजिक चेतना विद्यार्थीहरू माझ जीवित राख्ने प्रयास गरिएको छ।

## आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

### कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/१०/०२ गते**

यस फाइनान्सको बौद्ध शाखा कार्यालय काठमाण्डौबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै, सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपशिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| **नाम : तारा के.सी. (प्रधान)**<br>बुबा : केशर बहादुर के.सी.<br>पति : नविन चन्द्र सिं प्रधान<br>ससुरा : ललित चन्द्र प्रधान<br>ना.प्र.नं. : १०४४<br>जारी मिती : २०४१/०४/१५, जि.प्र.का., काठमाण्डौं<br>स्थायी ठेगाना : काठमाण्डौं वडा नं. ०९, काठमाण्डौं।<br>हालको ठेगाना : गोकर्णेश्वर वडा नं. ०५, काठमाण्डौं। | **क) नाम : नविन चन्द्र सिं प्रधान**<br>बाबु : ललित चन्द्र प्रधान<br>बाजे : सुर्य प्रधान<br>ना.प्र.नं. : ३३९०९/१५५८,<br>जारी मिती : २०३५/०४/०९, जि.प्र.का., बारा<br>स्थायी ठेगाना : भवानीपुर खे वडा नं. ०६, बारा।<br>हाल : गोकर्णेश्वर वडा नं. ०५, काठमाण्डौं। |
| **ख) नाम : खुसी प्रधान**<br>बुबा : नविन चन्द्र सिं प्रधान<br>बाजे : ललित चन्द्र प्रधान<br>ना.प्र.नं. : २७-०१-७९-०११८४<br>जारी मिती : २०७९/०२/१८ जि.प्र.का., काठमाण्डौं।<br>स्थायी ठेगाना : गोकर्णेश्वर वडा नं. ०५, काठमाण्डौं। | **धितोमा रहेको सुरक्षणको विवरण**<br>मालपोत कार्यालय चावहिल, काठमाण्डौमा तारा के.सी. (प्रधान) को नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला जोरपाटी वडा नं.१, स्थित कित्ता नं. ६८५ को क्षेत्रफल १२७.१६ ब.मि को घरजग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत। |

**लिलाम बिक्री सम्बन्धी शर्तहरु**

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।

(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले मिति २०८२/१०/०८ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्ने छ र प्राप्त बोलपत्रहरु मिति २०८२/१०/११ गते दिनको ३:०० बजे फाइनान्सको प्रधान कार्यालय काठमाण्डौमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

(३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ।

(४) उल्लेखित सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

(५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कवुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।

(६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।

(७) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ।

(८) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ।

(९) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले फाइनान्सको शाखा कार्यालय बौद्ध काठमाण्डौमा सम्पर्क राख्न सक्नु हुनेछ।

(१०) लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np

## Bhageshwor Rural Municipality
## Office Of Rural Municipal Executive
**Bagarkot, Dadeldhura**
**Sudur Paschim Province, Nepal**

### Invitation for Bid

Date of publication: **2082/10/02**

1. Bhageshwor Rural Municipality Office Of Rural Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the following works under NCB procedures.

| S. No. | Contract Identification No. | Description Of Works | Estimated Amount (Excluding VAT, & PS ) (Nrs) | Bid security Amount (Nrs) | Bid Document Fee | Date, Time and Place Of Pre-Bid Meeting | Last Date and Time Of Bid Submission | Date, Time and Place Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BRM/DAD/NCB/ Works/2082-083/09 | Construction of Siradigad Slab Culvert | 32,41,496.2 | 85,000.00 | 3000.00 | 2082/10/19, 12:00 hrs, Bhageshwor RM office Bagarkot | 2082/11/04, 12:00 hrs, Bhageshwor RM office Bagarkot | 2082/11/04, 14:00 hrs, Bhageshwor RM office Bagarkot |

**Chief Administrative Officer**

## Golanjor Rural Municipality
## Office of the Rural Municipal Executive
**Gwaltar-3, Sindhuli**
**Bagamati Province, Nepal**

### Invitation for Bids

**(First Date of Publication: 2nd Magh 2082)**

1. The **Golanjor Rural Municipality** invites sealed bids from the eligible bidders for the procurement of following goods under National Competitive Bidding (NCB) procedure:

| Contract ID No. | Description | Estimated Amount NRs. (Excluding Vat & Contingencies) | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) |
|---|---|---|---|---|
| GRM/SIN/GOODS/ NCB/11/082/083 | The Procurement Of Furniture And Decorative Items For Administrative Office Building | 1,18,18,500.00 | 3,00,000.00 | 3000 |

2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit **PPMO egp system website www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**

## Pakhribas Municipality
## Office of the Municipal Executive
**Pakhribas, Dhankuta**

### Invitation for Bid

**Date of publication: 16th January 2026**

1. **Pakhribas Municipality, Office of the Municipal Executive, Pakhribas, Dhankuta, Nepal** invites electronic bids from Nepalese eligible bidders for the **construction of Dhankuta Jilla Pakhribas Na.Paa. Wada No:04 Tupidanda, Paarigau Sadak Starounnti, Pakhribas** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Pakhribas Municipality, Office of the Municipal Executive, Pakhribas, Dhankuta, Nepal** or may visit **PPMO website www.bolpatra.gov.np/egp**.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from **PPMO's Web Site www.bolpatra.gov.np./egp**, Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : **NIC ASIA Bank, Pakhribas Branch**
   Account Holder's Name: **Ga 1.1 - Antarik Rajaswa Khata - Pakhribas Nagarpalika**
   Account no. : **0882050028483002**
   Office Code no. : **1126007**
   Rajaswa Shirsak No : **14229**
   **(Note: Bid document fee must be deposit from SuTRA Revenue model, SuTRA Revenue model bank interface, LLRP-Local level revenue portal)**
4. Pre-bid meeting shall be held at **Pakhribas Municipality, Office of the Municipal Executive, Pakhribas, Dhankuta, Nepal 5th February 2026** at **13:00 Hrs**.
5. Electronic bids must be submitted to the office **Pakhribas Municipality, Office of the Municipal Executive, Pakhribas, Dhankuta, Koshi Province, Nepal** through **PPMO website www.bolpatra.gov.np/egp** on or before **12:00 Hrs** on **16th February 2026**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hrs** on **16th February 2026**. at the office of **Pakhribas Municipality, Office of the Municipal Executive, Pakhribas, Dhankuta**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for **30 days** beyond the validity period of the bid.
   Name of the Bank : **NIC ASIA Bank, Pakhribas Branch**
   Account Holder's Name: **Ga 3 - Dharauti Khata-Pakhribas Nagarpalika**
   Account no. : **88CA502647524003**
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract ID | Name of Contract | Estimated Amount (Without VAT) | Cost of Bid Documents (NRs.) | Last date of bid submission | Bid Opening date | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1. | PKBSMUN/ NCB/WORKS/ 2082/083-06 | Dhankuta Jilla Pakhribas Na.Paa. Wada No:04 Tupidanda, Paarigau Sadak Starounnti | 34,52,718.41 | 3,000.00 | 12:00 Hrs on 16th Feb 2026 | 13:00 Hrs on 16th Feb 2026 | 1,00,000.00 |
| 2. | PKBSMUN/ NCB/WORKS/ 2082/083-07 | Dhankuta Jilla Pakhribas Na.Pa.Ward No.-08 & 06 Bhulke Sadhi Khola Tatha Danda Khark Tileshowar Sadak Staronnati | 3,897,342.81 | 3,000.00 | 12:00 Hrs on 16th Feb 2026 | 13:00 Hrs on 16th Feb 2026 | 1,00,000.00 |

**Chief Administrative Officer**

## सम्पादकीय

# कांग्रेस विभाजनको प्रभाव

नेपाली कांग्रेस विभाजित भएको छ। धेरैका लागि यो आश्चर्यको विषय हो। यो नहुनुपर्ने कुरा भयो तर हुनै नसक्ने कुरा भएको छैन। फुट कांग्रेसमा मात्र होइन अरू पार्टीहरूमा पनि बेलाबेलामा हुने गरेको देखिएकै हो। नेपालको राजनीतिमा फुट र जुटको शृंखला हुँदै आएको छ। गत बुधबार नेपाली कांग्रेसमा जुन विभाजनको परिणाम देखापर्‍यो त्यसले राष्ट्रिय रूपमा एउटा तरंग भने पैदा गरेको छ। मतमतान्तर हुनु स्वभाविक हो। जुनसुकै पार्टीमा पनि हुन्छ र कांग्रेसमा पनि हुँदै आएको थियो। तर अन्ततः जुन परिणाम देखापर्‍यो त्यो होला भन्ने कल्पना धेरैले गरेका थिएनन्। अझ भन्ने हो भने २३ वर्षअगाडि २०५९ सालमा कांग्रेसको विभाजन नदेखेका पुस्ताका लागि भने यो एउटा आश्चर्यको विषय बनेको छ।

अरू पार्टीको सन्दर्भलाई छोडिदिएर कांग्रेसको विभाजनलाई हेर्‍यौं भनेमात्र पनि यस्ता शृंखलाहरू पहिले पनि भएका हुन्। आफ्नै एकै परिवारका दाजुभाइबीच पार्टीको नीति र कार्यशैलीलाई लिएर भएको मतमतान्तरका कारण बीपी र मातृकाबीच पहिलोपटक कांग्रेस विभाजनको बीजारोपण भयो। राणा शासन हटेर प्रजातन्त्र आएको दुई वर्ष नबित्दै यसो हुनपुगेको थियो। तर पछि गएर नेपाली कांग्रेस भनेर बीपीले नेतृत्व गरेको कांग्रेसले नै ८० वर्षको इतिहास पार गर्दैछ। मातृका कांग्रेस नेपालको राजनीतिको लामो यात्रा तय गर्न नसकी इतिहासको कुनै पृष्ठमा बिलायो। बीपी नेतृत्वको त्यही कांग्रेसले नै र नेपालको राजनीतिको समग्र उतारचढावलाई आत्मसात गर्दै हालसम्म आइपुगेको हो। यस बीचमा पनि यसमा अनेकौं राजनीतिक उतारचढाव सिर्जना भए। यो दलले २०४६ सालको जनआन्दोलनमा सफलतापूर्वक नेतृत्व गरेर अगाडि बढ्यो तर त्यसको १३ वर्ष पुग्दै गर्दा विसं २०५९ मा कांग्रेस फुट्यो।

जनआन्दोलनताका नेपाली कांग्रेसको महामन्त्री पदमा रहनुभएका गिरिजाप्रसाद कोइरालाले प्रजातन्त्र आएयता आफ्नो राजनीतिक शक्ति र महत्त्वकांक्षालाई कतै सदुपयोग र दुरुपयोग गर्दै अगाडि बढ्ने क्रममा सन्त नेता कृष्णप्रसाद भट्टराईमाथि पनि अनेकौं पटक अन्याय गर्नुभयो भने उहाँकै सत्ता महत्त्वाकांक्षा, अहंकारग्रस्त मनोविज्ञान र व्यवहारले गर्दा २०५९ सालमा कांग्रेस फुटको धेरैको विश्लेषण रहेको छ। यद्यपि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा पनि त्यो विभाजनका लागि निर्दोष मानिनुहुन्न। त्यसबेला देउवाले कांग्रेसको एउटा पक्षको नेतृत्व गर्नुभयो र नेपाली कांग्रेस प्रजातान्त्रिक बनाउनुभयो तर त्यसपछि छिटै कांग्रेसमा एकीकरण भयो। त्यसयता कांग्रेस एक ढिक्का भएर यो २३ वर्षसम्म सञ्चालन हुन सफल भएको थियो। तर हालका दिनमा एकाएक कांग्रेसभित्र आँधीहुरी पैदा भयो। भदौ २३ गते जेन-जी पुस्ताका नाममा भएको आन्दोलन र त्यसमा भउको क्रूर हिंसा, त्यसको भोलिपल्टको अराजक आतंकपूर्ण स्थितिमा शेरबहादुर देउवाले आफ्नै निवास बूढानीलकण्ठमा भौतिक आक्रमणको सामना गरेको अवस्थाबाट अनायास कांग्रेसमा शक्ति र स्वार्थको नयाँ संस्करण देखा पर्न लागेको थियो।

त्यस घटनामा लुकेर जोगिएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भने तत्काल अराजकतालाई आफ्नै रंगमा रूपान्तरण गर्न सफल हुनुभयो। अर्कोतर्फ तत्कालीन प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली सेनाको सुरक्षा घेराभित्र रहेर ज्यान जोगाउनुपर्‍यो। देउवा दम्पतीले भने आफ्नै निवासमा रहेर भौतिक आक्रमण सहनुभयो। त्यसबेला उहाँमाथि सबैको सहानुभूति जागृत भएको थियो। पार्टीमा त्यति लोकप्रिय बन्न नसकिरहेका देउवाले त्यसरी पिटाइ खाँदा अरू नेतासँग तुलना गरेर नेपाली नागरिकले बरू मर्न तयार हुनुभयो घर छोडेर अरू जसरी भाग्नुभएन भनेर सहानुभूति प्रकट गरे। देउवा दम्पती त्यसपछि उपचार गर्न विदेश जाँदा कार्यबहाक सभापति शेरबहादुरले उपसभापति पूर्णबहादुर खड्कालाई दिनुभयो।

यसलाई पनि सबैले उहाँको सराहना गर्ने एउटा विषय पाए। तर, फर्केर आएपछि उहाँ फेरि राजनीतिमा सक्रिय हुन थाल्नुभयो। वार्धक्य, व्यवहार र अलोकप्रियताका कारणले अब उहाँको विकल्प खोजी पार्टी परिमार्जन गरेर नेतृत्व हस्तान्तरण र पुस्तान्तरण गर्दै अघि बढ्नुपर्छ भन्ने मान्यता विकसित हुँदै गयो तर यसो हुनसकेन। अन्ततः मिल्ने सम्भावनाका धेरै उज्याला संकेतहरूलाई तिरस्कार गर्दै बुधबार अत्यन्त अप्रिय ढंगले एकातिर नेपाली कांग्रेसले महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फर्मुल्ला मनसुरलगायतलाई पार्टीबाट निष्काशन गर्‍यो भने अर्कोतर्फ विशेष महाधिवेशन पक्षधरहरूले पार्टीको केन्द्रीय समिति भंग गरेको घोषणा गर्‍यो। यसबाट कांग्रेसमा एक किसिमको भाँडभैलो र गाईजात्राको स्थिति सिर्जना हुनपुगेको छ। यस परिदृश्यसंगै कांग्रेस मात्र भाँडिएको छैन समग्र राष्ट्रिय राजनीति बिथोलिएको अवस्था छ। जसको प्रभावले गर्दा आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचन हुन्छ कि हुँदैनको स्थितिमा पुगेको छ। देशको सबैभन्दा ठूलो राजनीतिक पार्टीमा यसरी विग्रह पैदा हुँदा अरू पार्टीले पनि यसलाई उचित मानेका छैनन् किनभने देशको अप्ठ्यारो स्थितिमा अभिभावकीय र समन्वयकारी भूमिका कांग्रेसले नै निर्वाह गर्दै आएको थियो। आखिर वामपन्थी पार्टीहरू पनि बेलाबेलामा फुट्ने, टुक्रिने, चोइटिने गरेर अणु-परमाणु पार्टीमा पुग्दै आएको परिस्थितिमा कांग्रेसको अभिभावकीय सहयोग उनीहरूका लागि पनि अपेक्षित थियो। एक किसिमले हेर्ने हो भने कांग्रेसको विग्रह परम्परागत पार्टी र नयाँ पार्टीका बीचको प्रतिस्पर्धा र द्वन्द्व हो भन्न सकिन्छ।

अर्कोतिर अहिले आएर संयोग के भएको छ भने कांग्रेसको फुट पूर्वभर्सेस पश्चिम जस्तो पनि देखिएको छ। शेरबहादुर देउवा, रमेश लेखक, पूर्णबहादुर खड्कालगायतका पश्चिमतिरका उच्चस्तरका नेताहरू देउवा पक्षमा हुनुहुन्छ। यता युवाहरूको नेतृत्व गर्दै आइरहनु भएका गगन थापा, विश्वप्रकाश शर्माहरू नयाँ र पूर्वतर्फको नेतृत्व गर्दै आइरहनु भएको छ। कांग्रेसको यो फुट दुवैतर्फको हठको परिणाम हो तर हालका दिनहरूमा रवि लामिछानेको नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीमा युवाहरूको आकर्षण र वर्चस्व देखिए जस्तै गगन विश्वले नेतृत्व गरेको यस पक्षमा युवाहरूको वर्चस्व देखिन्छ। कांग्रेस संस्थापनले के सोच्यो कुन्नि यस्तो कठोर निर्णय गर्‍यो, समन्वयकारी भूमिका खेलेन तर परिणाम दुवैका लागि दुर्भाग्यपूर्ण र निराशाजनक देखापर्‍यो।

भोलि जसले कांग्रेसको आधिकारिकता पाउँछ र चार तारे झण्डा र रूख चुनाव चिह्न तथा कांग्रेसको पार्टी कार्यालयलगायतको समग्र भौतिक सम्पत्ति जसको तर्फमा निर्णय हुन्छ कांग्रेस त्यही नै हो भनेर अरूले स्वीकार्नुपर्ने हुन्छ। जसले ती कुरा पाउँदैनन् त्यो कांग्रेस नामको कुनै फुर्को जोडेर त आउला तर भोलिका दिनमा त्यो कांग्रेस कुनै समय हरिबोल भट्टराईले स्थापना गर्नुभएको नेपाली कांग्रेस (बीपी)मा रूपान्तरित हुँदैन वा प्रजातान्त्रिक कांग्रेस समान पुनः एकीकरणको सत्मार्गमा जुट्दैन भन्ने नहोला। बाक्लो दाल खान पुगेका दुवै पक्षका कांग्रेसजनलाई हामी शुभकामना दिनुभन्दा पनि राष्ट्र, लोकतन्त्र, लोकतान्त्रिक मर्यादा, अनि जनतालाई आघात हुने काम दुवैतर्फबाट नहोस् भन्न चाहन्छौं।

# गगन–विश्वको मध्यरातको विद्रोह

**नेपाली कांग्रेसका विशेष महाधिवेशन पक्षधरको भनाइ भदौ २३ अगाडिको नेपाल र पछाडिको नेपाल एउटै होइन, नजिकिएको चुनावमा नयाँ नीति र नेतृत्व लिएर जानुपर्छ भन्ने रहेको पाइन्छ भने विशेष महाधिवेशन चाहिँदैन भन्ने पक्षको भनाइ, चुनाव नजिकै आइसकेको छ, अधिवेशन गर्दाको कारणले विभाजित मनले राष्ट्रिय चुनावलाई नोक्सान पुर्‍याउँछ। त्यसैले प्रतिनिधिसभाको चुनावपछि अधिवेशन गरौं भन्ने रहेको पाइन्छ।**



शम्भु कोइराला

नमागिएको सल्लाह

पुस ३० मसान्तको दिन, कठांग्रिने जाडो, मौसम विभागका अनुसार एक डिग्री सेल्सियस आसपासको तापक्रम भएको मध्यरातमा नेपाली कांग्रेसको विशेष महाधिवेशन सम्पन्न भएको छ। यस परिघटनाले धेरै नेपालीको दिमागलाई तातो बनाइदिएको छ। जिज्ञासा, उत्सुकता, प्रसन्नता, अप्रसन्नता प्रकट भएका छन्। निश्चय कुनै पनि राजनीतिक दलमा विवाद आउनु राम्रो विषय होइन। त्यसमा पनि प्रतिनिधिसभा निर्वाचनले गति लिएको अवस्थामा कानुनी निरूपण गर्ने अवस्था आउनु त झनै खराब हो।

गएको भदौ २३-२४ मा नेपालमा ठूलो परिघटना भयो। २३ गतेका दिन राज्यका निकायबाट चलेको गोलीका कारण २१ जनाको मृत्यु भयो भने त्यस्को आक्रोशका कारण २४ गतेका दिन भड्किएको हिंसामा राष्ट्रका धरोहर र पहिचानको रूपमा रहेका कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकालगायत महत्त्वपूर्ण संरचनाहरू ध्वस्त भए। २४ गतेको घटना २३ को घटनाको आक्रोशमात्र थिएन, त्यस्मा धेरै गलत तत्वको घुसपैठ थियो भन्ने विषयमा आशंका छैन। त्यसमा धेरै स्वार्थी र आपराधिक तत्वको चलखेल भएको थियो। तथापि, त्यो नेपालको इतिहासको अभूतपूर्व विद्रोह थियो। युद्धरत दुई शत्रुराष्ट्रबीचको लडाइँमा विरलै देखिने राष्ट्रका धरोहर संस्थाको विनाश भए तापनि त्यस आक्रोशका कारणको सम्बोधन नगरी पन्छनु भनेको अर्को विद्रोहलाई निम्ता दिनु हो।

## कांग्रेस विवादको अन्तर्य

नेपाली कांग्रेसका विशेष महाधिवेशन पक्षधरको भनाइ भदौ २३ अगाडिको नेपाल र पछाडिको नेपाल एउटै होइन, नजिकिएको चुनावमा नयाँ नीति र नेतृत्व लिएर जानुपर्छ भन्ने रहेको पाइन्छ भने विशेष महाधिवेशन चाहिँदैन भन्ने पक्षको भनाइ, चुनाव नजिकै आइसकेको छ, अधिवेशन गर्दाको कारणले विभाजित मनले राष्ट्रिय चुनावलाई नोक्सान पुर्‍याउँछ। त्यसैले प्रतिनिधिसभाको चुनावपछि अधिवेशन गरौं भन्ने रहेको पाइन्छ।

यसभन्दा पनि अन्तरंग विषय, गाउँमा बस्ने कांग्रेस कार्यकर्तालाई शेरबहादुर देउवाको नेतृत्वमा जनतामा जाँदा अपमानजनक अवस्था रहेको कारण नयाँ नेतृत्व लिएर जनतामा जान सजिलो हुन्छ भन्ने हो भने देउवालगायतको भनाइ जे जस्तो परिस्थिति छ त्यसैमा चुनावमा जाने, एमालेलगायत विभिन्न शक्तिसँग तालमेल गरेर चुनावमा गएर परिस्थिति अनुकूल भएको अवस्थामा पुनः देउवालाई नै संसदीय दलको नेता बनाउने भन्ने रहेको पाइन्छ। विशेष महाधिवेशन प्रतिनिधिको बहुमतले देउवाको नेतृत्वलाई चुनौती दिँदा पनि सक्रिय राजनीतिबाट अलग हुन्न भन्ने देउवा र देउवा अनुयायीको अडानबाट यो विषय अझ छर्लंग भएको छ। देउवाहरूको अडानको पछाडि एमाले नेता ओलीको ढाडस रहेको छ भन्ने पनि धेरै लुकेको विषय होइन।

भदौ २४ को हिंसात्मक घटनामा घाइते भएका देउवा पूर्णबहादुर खड्कालाई कार्यबाहक सभापति दिएर सिंगापुर जाँदा र त्यस बखतको सम्बोधनको शालीनतालाई देखेर नेपाली जनमानसमा देउवामाथि सम्मानभाव देखिएको थियो। रणनीतिक रूपमा नै कांग्रेस केन्द्रीय कार्य समितिको बैठक लम्ब्याएर सिंगापुर गएर तंग्रिएपछि देउवा पुनः पार्टीमा सक्रिय हुनथालेपछि पार्टीभित्र परिवर्तन चाहनेहरू आक्रोशित भए। विशेष महाधिवेशन त्यही आक्रोशको समष्टि विद्रोह हो। विशेष महाधिवेशन पक्षधरको मागलाई सम्बोधन गर्ने गरी पुस महिनामा नियमित महाधिवेशनको कार्यतालिका प्रकाशित भयो। त्यो तालिका अधिवेशन गर्नेभन्दा अल्मल्याउनका लागि भएको कारण देउवा पक्षीय नेताको असहयोगका कारण असफल भयो। दोष महामन्त्रीहरूलाई थोपरियो। यसबाट विशेष महाधिवेशन पक्षधर झनै आक्रोशित बने।

महाधिवेशनको आयोजना भयो, महाधिवेशनले देउवा नेतृत्वको कार्यसमिति भंग गर्‍यो, भोलिपल्ट देउवा पक्षीय कार्यसमितिले महामन्त्री गगन, विश्व र सहमहामन्त्री फरमुल्ला मन्सुरलाई कारबाही गरेपछि विशेष महाधिवेशन समष्टि नेपाली कांग्रेसको अधिवेशन बन्न सकेन। यसबीचमा भएका सहमतिका प्रयास असफल भए, त्यसको मूलभूत कारण थियो देउवाको राजनीतिमा अझै सक्रिय हुने चाहना। यसरी, देउवा, कांग्रेस विभाजनका तीन घटनामध्ये दुई घटनाका कारण बनेका छन्। कांग्रेसको पहिलो विभाजन भने विसं २०१० मा भएको थियो। जसमा मातृकाप्रसाद कोइरालाले नेपाल प्रजा पार्टी खोलेका थिए, जुन तीन वर्षपछि नेपाली कांग्रेससँग एकीकरण भएको थियो।

## कांग्रेसको आधिकारिकता

धेरैको मनमा उठेको प्रश्न हो-कांग्रेसको आधिकारिकता। कांग्रेस फुटेको हो ? यसो भन्नुभन्दा विशेष महाधिवेशन वैध हो ? वैध हो भने किन फुट भनिरहनु ? यसै प्रश्नको सेरोफेरोमा चर्चा गरौं। नेपाली कांग्रेसको विधानको दफा द १७ (२) मा दुई अवस्थामा विशेष अधिवेशन बोलाउने प्रावधान छ। पहिलो, नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले बोलाउने। दोस्रो, नेपाली कांग्रेसका चालीस प्रतिशत महाधिवेशन प्रतिनिधिले दस्तखत गरेर निवेदन दर्ता गरेपछि केन्द्रले बोलाउनुपर्ने। पहिलो, देउवा पक्षीय कांग्रेसले भने जस्तै केन्द्रीय कार्य समितिले निर्णय गरेर बोलाउने अवस्था हो।

**चुनौतीपूर्ण अवस्थामा भएको गगन-विश्वको वैधानिक विद्रोहलाई वैधानिक रूपमा निरूपण गर्न अनिवार्य छ। निर्वाचन आयोगका प्रमुख आयुक्त भइसकेका र चुनौतीपूर्ण अवस्थामा चुनाव सम्पन्न गराइसकेका चर्चित व्यक्तित्वबाट विशेष महाधिवेशनको वैधानिकताका विषयमा प्रकट भएको अभिमतको कारण पनि गगन-विश्वको विद्रोह वैधानिक हो भन्ने पक्षलाई बल पुगेको छ।**

दोस्रो, महाधिवेशन प्रतिनिधिको प्रस्ताव दर्ता भएपछि बोलाउनै पर्ने अवस्था हो। जुन व्यवस्था बाध्यात्मक हो। यो व्यवस्था नेपाल कानुन अनुसार दर्ता भएका सबैजसो संस्थाहरूमा रहेको पाइन्छ। मूल नेतृत्वले सदस्यहरूको भावनाविपरीत काम गरेको अवस्थामा स्वतन्त्र सदस्यहरूले बोलाउँने अवस्था हो। फेरि भनौं-यो नेतृत्वको तजबिजी विषय होइन। ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको मागबमोजिम दुई महामन्त्री गगन-विश्वले विशेष महाधिवेशनको अगुवाइ लिए। महाधिवेशन हुने नै भएपछि वार्ता गर्न सहमत भएका देउवा महामन्त्रीहरूसँग सम्पर्क विच्छेद गरेर बसे। यसबीचमा गत अधिवेशनका निकटतम प्रतिद्वन्द्वी शेखर कोइरालालाई साथमा लिए। देउवा पक्षलाई विश्वास थियो शेखर पनि साथ भएपछि अधिवेशनमा तीस प्रतिशतको पनि उपस्थिति हुनेछैन। देउवा पक्षका कट्टरपन्थीहरूले देउवाहरूलाई त्यही ढाडस दिएका थिए।

विशेष महाधिवेशनको उपस्थिति पचास प्रतिशत नाघेपछि भने देउवा क्याम्पमा पसिना छुट्ने अवस्था बन्यो। यसबीचमा शेखर पक्षले मध्यस्थता गर्ने बाहनामा दोहोरो भूमिका खेल्यो। मध्यस्थता गर्ने बाहनामा देउवालाई उकास्ने काम पनि गर्‍यो। शेखर पक्षले विशेष महाधिवेशन गणितीय खेलमात्र थिएन, विद्रोह थियो भन्ने कुरा आफ्ना भनिएका नेता, कार्यकर्ता पनि विशेष महाधिवेशनमा सक्रिय भएपछि मात्र बुझ्यो। यस महाधिवेशनले देउवा र शेखरलाई एक बनाइदियो। विशेष महाधिवेशन पक्षधरको संख्या थपिँदै गएको, महाधिवेशन उत्सवजस्तो बनेको र गगन-विश्वको समर्थन कुनै सेलेब्रेटीको जस्तो देखिएपछि देउवा पक्षमा हतासा देखियो।

तर, त्यो अत्यास, देउवासँग सती जाने अडानमा सीमित बन्यो। अब यो विषय निर्वाचन आयोग पुगेको छ। देउवा पक्षले विशेष महाधिवेशन नेपाली कांग्रेसले आयोजना नगरेको बताएको छ भने विशेष महाधिवेशन पक्षधरले बहुमत सदस्यको उपस्थितिमा सम्पन्न भएको जानकारी दिएको छ। सोही अनुसार अद्यावधिक गरिदिन अनुरोध गरेको छ।

## अब के होला ?

अब विवाद कांग्रेसभित्र मात्र सीमित रहेन। यो निर्वाचन आयोगमा पुगिसक्यो। निर्वाचन आयोगबाट सर्वोच्च अदालतसम्म पुग्ने अवस्था आउनसक्छ। निर्वाचन आयोगले आगामी ६ गते प्रत्यक्षतर्फका उम्मेदवारहरूको मनोनयन दर्ता गर्ने मिति तोकेकाले ढिलोमा पाँच गतेभित्र निर्णय दिइसक्नुपर्ने अवस्था छ। निर्वाचन आयोगले जे निर्णय दिए तापनि एउटा पक्ष निर्वाचनमा सहभागी बन्नबाट वञ्चित हुनुपर्ने अवस्था छ। चुनाव प्रयोजनका लागि दल दर्ता गर्ने समय सकिइसकेकाले यस्तो अवस्था आउने भएको हो।

यस अवस्थामा वैधानिक ठहर भएको पक्षसँग मिलेर निर्वाचनमा जानुबाहेक विकल्प नरहने अवस्था छ। निर्णय प्रतिकूल हुने पक्षका लागि प्लान बी पनि बन्न नसक्ने पेचिलो अवस्था बनेको छ। नेपालको संविधान २०७२ को भाग २९ मा रहेको राजनीतिक दलसम्बन्धी व्यवस्था भएको धारा २६९ (४) ( क) मा राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्छ भनेको छ भने (ख) मा राजनीतिक दलको विधानमा कम्तीमा पाँच वर्षमा एकपटक सो दलका संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था गर्नुपर्छ भनेको छ। संविधानको मनशाय पार्टीका पदाधिकारीहरू आवधिक रूपमा जनताबाट परीक्षित हुनुपर्छ भनेको छ। कांग्रेस कार्यसमितिको म्याद गएको मंसिरमा समाप्त भएका कारण अधिवेशन आयोजना गर्नुपर्ने परिपक्व बनेको अवस्था हो।

पार्टी केन्द्रीय समितिले आफैंले निर्णय गरी चुनावअगाडि नयाँ नीति र नेतृत्व लिएर जानु उत्तम अवस्था थियो। यो नभएको अवस्थामा कांग्रेसको सर्वोच्च निकाय महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन बोलाएको सकारात्मक परिघटनालाई ठूलै विपत्ति आएको जस्तो गरी सभापति देउवाले पानी बाराबार गरेको अवस्थालाई कांग्रेस जीवनमा दुःखदायी घटनाको रूपमा स्मरण गर्ने परिस्थिति बनेको छ। नेपालका प्रजातन्त्रवादी लगायत सबै पक्षले नचाहेको घटना भएको छ। यसको विधिसम्मत निकास खोजिनुपर्छ। न्याय गरेँ भनेमात्र हुँदैन। बहुसंख्यालाई न्यायको महसुस भएको हुनुपर्दछ।

नेपाली कांग्रेसको सर्वोच्च निकाय विशेष महाधिवेशन काठमाडौंको भृकुटीमण्डपमा पुस २७ देखि ३० सम्म चारदिन विधिसम्मत रूपमा आयोजना गरेर नयाँ नेतृत्व चयन गरेर र नवीन प्रजातान्त्रिक नीतिहरू पारित गरेर समापन भएको छ। यो पारदर्शी र उत्साहजनक रूपमा भएको छ। सबै पक्षले श्रव्यदृश्य सञ्चारमाध्यम, सामाजिक सञ्जालबाट हेरेका छन्, देखेका, सुनेका छन्। गगन थापा पार्टी सभापतिमा र उनको टिमका सदस्यहरू विभिन्न पदमा निर्वाचित भएका छन्।

चुनौतीपूर्ण अवस्थामा भएको गगन-विश्वको वैधानिक विद्रोहलाई वैधानिक रूपमा निरूपण गर्न अनिवार्य छ। निर्वाचन आयोगका प्रमुख आयुक्त भइसकेका र चुनौतीपूर्ण अवस्थामा चुनाव सम्पन्न गराइसकेका चर्चित व्यक्तित्वबाट विशेष महाधिवेशनको वैधानिकताका विषयमा प्रकट भएको अभिमतको कारण पनि गगन-विश्वको विद्रोह वैधानिक हो भन्ने पक्षलाई बल पुगेको छ। अन्यथा, विद्रोह नामै काफी छ। यसको सीमा हुँदैन। कहिले काहिँ वैधानिक विद्रोहले न्याय नपाउँदा अकल्पनीय घटना घटित भएका घटनाहरू इतिहासका पानामा जीवन्त रहेका छन्। हेरौं, गगन-विश्वको मध्यरातको शीतकालीन विद्रोहले कस्तो परिणाम र परिवर्तन ल्याउँछ।

# ट्रम्प र मोदीको टेरिफ टक्कर मत्थर गर्दै अमेरिकी राजदूत

ट्रम्पको पहिलो कार्यकाल होस् वा वाइडेनको कार्यकालमा समेत अमेरिका-भारत सम्बन्ध विश्व कूटनीतिका लागि एक उदाहरण थियो। ट्रम्पको दोस्रो कार्यकालमा भारत-अमेरिका सम्बन्ध कोल्टो फेर्‍यो। पाकिस्तानविरुद्धको सिन्दूर अप्रेसन अमेरिकाले नै रोकेको जिकिर ट्रम्पले ६० पटक उद्घोष गरे तापनि भारतले स्वीकार गरेको देखिँदैन।



विपिन देव

डोनालड ट्रम्पको भनेजुला हस्तक्षेपपश्चात् भूराजनीतिमा हलचल देखिएको छ। अमेरिकी हस्तक्षेपकारी भूमिकालाई विभिन्न कोणबाट विश्लेशण भइरहेको छ। सन् १८५३ मा स्थापित मुनरो सिद्धान्त अनुसार अमेरिकाले इतिहासको आरोह र अवरोहमा हस्तक्षेपकारी भूमिका खेल्दै आएको छ। १८९३ मा हवाईमा भएको अमेरिकी हस्क्षेप, १९०९ मा निकारुवामा भएको हस्क्षेप, १९११ मा हण्डुरसमा भएको हस्तक्षेप, १९५९ मा ग्वाटामालामा भएको हस्तक्षेप, १९६४ मा ब्राजिल र १८७३ मा चीले चिली, १९६१ मा क्युवा जस्ता अनेकौं उदाहरण पाइन्छ। अफगानीस्तान इराकको परिघटना इतिहासको पृष्टभूमिमा ताजा घटना हुन्। अमेरिकी दबाबलाई थेग्नसक्ने सार्मथ्य संसारका कम देशहरूमा पाइन्छ।

सन् १९४७ मा भारत स्वतन्त्र भएपश्चात् भारतका प्रथम प्रधानमन्त्री नेहरूलाई अमेरिकी विकास पद्धतिप्रति खास आर्कषण थिएन। गान्धीवाद र फेलिवियन समाजवादबाट प्रभावित नेहरूले अमेरिकी अर्थतन्त्रलाई चरम पुँजीवादको ताण्डवको रूपमा व्याख्या गरेका थिए। असंलग्न परराष्ट्र नीतिका संवाहक नेहरूले विश्व कूटनीतिमा तेस्रो धारको निर्माण गरेका थिए। सन् १९६२ मा भारत-चीन युद्धताका नेहरूलाई असंलग्नताको दस्तुर चुकाउनुपरेको थियो। अर्थात् प्रजातन्त्र र मानव अधिकारको संखनाथ गर्ने अमेरिका भारतको पक्षमा उभिएन। नेहरूको पदचापमै भारतको परराष्ट्र नीति परिचालित हुँदै गयो। भियतनामप्रतिको अमेरिकी नीतिलाई भारतका तत्कालीन प्रधानमन्त्री लालबहादुर शास्त्रीले निन्दा गर्दा अमेरिकाले भारतलाई गहुँ निर्यात गर्न बन्द गर्‍यो।

अमेरिकी दबाबलाई मत्थर गर्दै शास्त्रीले 'जय जवान र जय किशान'को नारा दिँदै प्रत्येक भारतवासीलाई साताका एक दिन उपवास राख्न राष्ट्रिय अपिल गरे जसको सुरुवात प्रधानमन्त्री निवासबाट नै सुरु गरे। अमेरिकी दबाबका बाबजुत भारत टसमस भएन। अर्को शब्दमा भन्ने हो भने भारत खाद्यान्नमा आत्मनिर्भर हुन गयो। ७० को दशकमा भारत-अमेरिका सम्बन्ध कठिन मोडमा प्रवेश गर्‍यो। पाकिस्तानको विभाजनमा भारतीय हस्तक्षेप अमेरिकी राष्ट्रपति निम्सनलाई पाच्य भइरहेको थिएन। भारतविरुद्धमा सैनिक कारबाही गर्न अमेरिकी निक्सनले बंगलाको खाडीमा सैन्य जहाज तैनाथ गर्दा भारतमा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले सोभियत संघ शान्ति सम्झौता गर्दै निम्सनलाई जहाज फिर्ता गर्न बाध्य गराइन्।

सन् १९९८ मा अटल बिहारी बाजपेयीको नेतृत्वमा भारतले आणविक परिक्षण गर्दा अमेरिकाले भारतविरुद्ध आर्थिक नाकाबन्दीसमेत गरेका थिए। बाजपेयी सरकारमा तत्कालीन परराष्ट्रमन्त्री जसवन्त सिंहले आफ्नो कूटनीतिक महारथबाट किलटन सरकारलाई आर्थिक नाकाबन्दी फिर्ता लिन बाध्य गराएका थिए। सन् २००० देखि भारत-अमेरिका सम्बन्धले एक नयाँ उचाइ लिन सुरु गरेको थियो। अमेरिकामा ५० लाख भारतीय मूलका नागरिक बसोवास गर्नु, तीन लाखभन्दा अधिक भारतीय विद्यार्थीहरू अमेरिकी विद्यापीठहरूमा अध्ययन गर्नु, अमेरिकी लगानी कर्ताका लागि भारतीय बजार आर्कषक हुनुजस्ता अनेकौं कारणले गर्दा अमेरिका-भारत सम्बन्धले उचाइ लिँदै थियो।

ट्रम्पको पहिलो कार्यकाल होस् वा वाइडेनको कार्यकालमा समेत अमेरिका-भारत सम्बन्ध विश्व कूटनीतिका लागि एक उदाहरण रहेको थियो। ट्रम्पको दोस्रो कार्यकालमा भारत-अमेरिका सम्बन्ध कोल्टो फेर्‍यो। पाकिस्तानविरुद्धको सिन्दूर अप्रेसन अमेरिकाले नै रोकेको गिकिर ट्रम्पले ६० पटक उद्घोष गरे तापनि भारतले स्वीकार गरेको देखिँदैन। प्रतिशोधमा ट्रम्पले पाकिस्तानको सैनिक मुखियालाई राष्ट्रपति निवासमा दिवा भोजका स्वागत गरे। पाकिस्तानको सैन्य उपकरणको लागि अमेरिकी सहयोग उपलब्ध गराए। संसारमा सबभन्दा तीव्र गतिले विकसित गरिरहेको भारतीय अर्थथन्त्रलाई ट्रम्पले मृत अर्थव्यवस्थाको रूपमा घोषणा गर्दै मोदीलाई टेरिफ किङ भने।

**ट्रम्पको टेरिफ नीतिको प्रभाव अमेरिकाको नामुदा कम्पनीहरू गुगुल, माइक्रोसोफ्ट, एमाजोन, एपलमा देखिएको छैन। यी कम्पनीहरूले ६० बिलियन अमेरिकी डलर भारतमा लगानी गर्न जर्मको गर्दैछन्। यी आरोह र अवरोहका बीच अमेरिकी नवनियुक्त राजदूत सरजियो गोर दिल्ली आइपुगेका छन्।**

रसियासँग ऊर्जा आयात गर्न बन्द गर्न दबाब दिँदै भारतविरुद्ध ट्रम्पले ५० प्रतिशत टेरिफ ठोके। भारतका लागि अमेरिका सबभन्दा ठूलो व्यापारिक साझेदार छ। २०० बिलियन अमेरिकी डलरभन्दा अधिक व्यापार रहेका भारत अमेरिकी व्यापारमा भारतले ६५ बिलियन अमेरिकी डलर नाफा गरेको देखिन्छ। टेक्सटायल, ज्वेलरी, खाद्यान्न जस्ता अनेकौं क्षेत्रमा भारतीय सामानले अमेरिकी उपभोगकर्ताका लागि आर्कषण छ। अमेरिकी अधिकारीहरूको अभिव्यक्तिप्रति भारतीय पक्षको मौनता छ। भर्खरै अमेरिकी वाणिज्य अधिकारी लुटनीकले एक अभिव्यक्ति दिँदै भारत- अमेरिकाबीच व्यापारिक सम्झौता नहुनुका कारण मोदीले ट्रम्पलाई फोन नगर्नु हो।

भारतले रसियासँग ऊर्जा आयात गरेकोखण्डमा कालान्तरमा ५० प्रतिशतदेखि ५०० प्रतिशतसम्म टेरिफ बढ्ने अमेरिकी अधिकारीले अभिव्यक्ति दिँदै आएका छन्। हुन त अमेरिकी आक्रमक नीतिको निन्दा अमेरिकी बौद्धिक जगतमा व्यापक रूपमा भइरहेको छ। ट्रम्पको पहिलो कार्यकालको सुरक्षा सल्लाहकार जोन बोलटनले अमेरिकी नीतिलाई आत्मघाती भनेका छन् भने अमेरिकी चर्चित चिन्तक जेफरी साकले ट्रम्पको परराष्ट्रनीतिलाई प्रजातन्त्रविरोधी भन्दै भारतलाई कर्वाडबाट आफ्नो सहभागिता हटाउन सल्लाह दिएका छन्। भारतका सामरिक जानकार डा.राजामोहनले भारतले अमेरिकासँग कूटनीति परिचालन गर्दा धीर र गम्भीर हुन आग्रह गरेका छन्।

भर्खरै डा.राजमोहनद्वारा प्रकाशित पुस्तक 'इण्डिया एण्ड रिब्यालेनसँग एसिया'मा उनले भारतलाई आफ्नो व्यापार आसियान, जापान, दक्षिण कोरियालगायत एसियाका अन्य देशहरूसँग बढाउन आग्रह गरेका छन्। वास्तवमा टेरिफको प्रचुर प्रभाव भारतीय अर्थ व्यवस्थामा देखिएको छैन। अमेरिकी निर्यातमा १५ प्रतिशतको बढोत्तरी र अमेरिकी लगानीमा बढोत्तरी यसका उदाहरण हुन्। ट्रम्पको टेरिफ नीतिको प्रभाव अमेरिकाको नामुदा कम्पनीहरू गुगुल, माइक्रोसोफ्ट, एमाजोन, एपलमा देखिएको छैन। यी कम्पनीहरूले ६० बिलियन अमेरिकी डलर भारतमा लगानी गर्न जर्मको गर्दैछन्। आरोह-अवरोहबीच अमेरिकी नवनियुक्त राजदूत सरजियो गोर दिल्ली आइपुगेका छन्।

३४ वर्षीय सरजियो गोर ट्रम्पको उच्च विश्वास पात्रका रूपमा छन्। दिल्ली आगमनका साथ उनले भारत-अमेरिकी सम्बन्धको तनावबीच एक नयाँ आशाका किरण सृजित गरेका छन्। अर्थात् आफ्नो घोषणामा उनले भारत पाकसिलिकामा चाँडै निमन्त्रणा पाउने उद्घोष गरेका छन्। पाकसिलिकाको माध्यमबाट अमेरिकाले उच्च प्रविधि अन्य मुलुकलाई उपलब्ध गरउने गर्दछ। जापान र दक्षिण कोरिया बेलायतले यस किसिमको सुविधा अमेरिकाबाट प्राप्त गर्दै आएको छ। आफ्नो चहकिलो र गहकिलो अभिव्यक्तिमा सरजियो गोरले भारत-अमेरिकाबीच निकट भविष्यमा नै व्यापारिक सम्झौता हुने र कालान्तरमै ट्रम्प भारत यात्रा गर्ने उनले घोषणा गरेका छन्। सरजीयको गौरको अभिव्यक्ति अर्थपूर्ण छ।

सन् २०२६ मै कर्वाडको शिखर सम्मेलनको अनुष्ठान भारतले नै गर्ने भएको छ। शिखर सम्मेलनमा राष्ट्रको मुखिया सहभागी हुने परम्परा रहेको छ। ट्रम्प कर्वाड शिखर सम्मेलनको भाग लिनसक्ने गोरको संकेत हुन सक्दछ। ट्रम्पको टेरिफ नीतिले गर्दा भारतले आफ्नो व्यापारिक नीतिको प्रारूपमा व्यापक परिवर्तन गरेको छ। संसारका ५० वटा मुलुकसँग खुला व्यापार (फ्रि ट्रेड)को वार्ता भारतले आरम्भ गरेको छ भने न्यूजिल्याण्ड र ब्रिटेनसँग फ्री ट्रेडको सम्झौता गर्न भारत सफल भएको छ। अमेरिकाप्रतिको निर्भरतालाई कम गर्न युरोपलाई भारतले केन्द्र बनाएको छ। यही परिदृश्य जर्मनको चान्सलर भारतको यात्रामा छन्। अमेरिकी टेरिफलाई मत्थर गर्न र ट्रम्पको आक्रमकतालाई प्रतिकार गर्न भारतले आफ्नो विकास दरको तीव्रता बढाउन अर्थ कूटनीतिलाई अझ दरिलो बनाउनुपर्ने हुन्छ।

# फिल्म सेन्सर बोर्डको नयाँ कार्यविधि : वर्गीकरणमा जोड



**हिमालय टाइम्स**

काठमाडौं, १ माघ

केन्द्रीय चलचित्र जाँचपास समिति (फिल्म सेन्सर बोर्ड)ले नयाँ कार्यविधि 'चलचित्र जाँच तथा वर्गीकरणसम्बन्धी कार्यविधि २०८२' लागू गरेको छ। नयाँ कार्यविधिले फिल्मको सेन्सर प्रक्रियामा काँटछाँटभन्दा पनि वर्गीकरणमा जोड दिने व्यवस्था गरेको छ।

सेन्सर बोर्डका सदस्य सम्पन्न श्रेष्ठका अनुसार, अब सेन्सरले फिल्मको विषयवस्तु, संवाद, दृश्य तथा बालबालिका र किशोर-किशोरीको मनोस्वास्थ्यमा पर्ने प्रभावको आधारमा दर्शकको उमेर समूह लक्षित गरी चलचित्र वर्गीकरण गर्नेछ। कार्यविधि बुँदा नम्बर ५ मा वर्गीकरणको प्रक्रिया स्पष्ट गरिएको छ।

श्रेणीकरणमा चलचित्रमा प्रयोग भएका हिंसा, यौन, नग्नता, लागूपदार्थ, भाषा, कथाको सन्दर्भ, उद्देश्य र कथाको मूल थिमलाई ध्यानमा राखेर चलचित्र हेर्न उपयुक्त दर्शक समूह निर्धारण गरिनेछ। वर्गीकरण अनुसार चलचित्रलाई सार्वजनिक प्रदर्शनको लागि प्रमाणपत्र जारी गरिनेछ।

यसै कार्यविधिसँगै पुसदेखि लागू भएको पुरानो 'चलचित्र जाँचसम्बन्धी कार्यविधि २०८२' को सातौं बुँदा हटाइएको छ, जसमा महोत्सवमा प्रदर्शन गर्नका लागि समितिबाट जाँच पास भएको फिल्ममात्र अनुमति पाउने व्यवस्था थियो। केही बुँदा विवादमा परेपछि नयाँ कार्यविधि ल्याएर फिल्म जाँच र वर्गीकरणलाई व्यवस्थित बनाइएको हो।

# नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको १४औं संस्करण आजदेखि

**हिमालय टाइम्स**

काठमाडौं, १ माघ

१४औं संस्करणको नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०२६ यही आज (शुक्रबार)देखि हुँदैछ। सोमबारसम्म आयोजना हुने यो महोत्सव चलचित्र विकास बोर्ड, चाबहिलमा हुनलागेको हो। महोत्सवमा नेपालसहित २० देशका ४३ वटा चलचित्र प्रदर्शन गरिनेछ।

महोत्सव निर्देशक डब्बु क्षत्रीका अनुसार नेपाली समूहअन्तर्गत कथानक चलचित्र, वृत्तचित्र तथा लघु चलचित्र गरी करिब चार दर्जनभन्दा बढी चलचित्रबाट २० वटा चलचित्र छनोट गरिएको हो। कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेसन र विलक्षण क्रियसन प्रा.लि.को आयोजनामा तथा चलचित्र विकास बोर्डको सहकार्यमा महोत्सव सञ्चालन हुन लागेको हो।

कलेजकी प्रिन्सिपल तथा महोत्सवकी अध्यक्ष डा.मञ्जु मिश्रले यसवर्ष चलचित्र प्रदर्शनसँगै अन्तर्क्रिया कार्यक्रम, नृत्य कार्यशाला, कला प्रदर्शनी र मास्टर क्लास पनि सञ्चालन गरिने जानकारी दिनुभयो।

नेपाली कथानक चलचित्रतर्फ १३ चलचित्रमध्ये पाँच चलचित्र अन्तिम




प्रतिस्पर्धाका लागि छनोट भएका छन्। छनोट हुने चलचित्रमा मिलन चाम्स निर्देशित 'अञ्जिला', सरोज पौडेल निर्देशित 'कोशेढुंगा', ऋषि लामिछाने निर्देशित 'माग्ने राजा', दीपकप्रसाद आचार्य निर्देशित 'परान' र नर प्रधान (मित्र) निर्देशित 'यो मन त मेरो नेपाली हो' रहेका छन्।

वृत्तचित्रतर्फ भीमलाल श्रेष्ठ निर्देशित 'अरिंगाल म्यान', रमेश खड्का निर्देशित 'डान्सिङ इन फायर' र निशा मानन्धर निर्देशित 'अ बडी नट माइन्ड' चयन भएका छन्। खुला तथा विद्यार्थी समूह गरी दशवटा लघु चलचित्र प्रदर्शन गरिनेछ। विद्यार्थी समूहमा 'अ कलरफुल नाइट', 'अन्तर्वार्ता', 'पेज फाइभ' र 'इकोज अफ होप' रहेका छन्। खुला लघु चलचित्रतर्फ 'भुवा', 'मौनता', 'अवशेष', 'साइलेन्ट स्कार्ड' र 'दृश्य' प्रदर्शन हुनेछन्।

आदिवासी समूहमा सागर केरुङ निर्देशित 'तान्सिङ' तथा दिलिप फुरुम्बो निर्देशित 'नाम ओती' र 'सेमक्वा' प्रतिस्पर्धामा छन्।

अन्तर्राष्ट्रिय समूहअन्तर्गत १९ देशका २३ वटा लामा तथा छोटा चलचित्र छनोट भएका छन्। यसवर्ष ४० भन्दा बढी मुलुकका करिब ९० चलचित्रबाट छनोट गरिएको महोत्सव आयोजकले जनाएको छ। अन्तर्राष्ट्रिय लघु चलचित्रतर्फ इण्डोनेसिया, ताइवान, टर्की, सर्भिया, अमेरिका, बंगलादेश, इरान, फ्रान्स, श्रीलंका, अष्ट्रिया, भारत र हङ्कङका चलचित्र अन्तिम प्रतिस्पर्धामा छन्।

अन्तर्राष्ट्रिय कथानक चलचित्रतर्फ बंगलादेशको 'मेमोरी अफ ग्लुमी मनसुन' र कोट डी आइभोरीको 'साइलेन्स मोर्टेल' छनोट भएका छन्। अन्तर्राष्ट्रिय वृत्तचित्रतर्फ युक्रेन, स्टोनिया र जर्मनीका तीन वृत्तचित्रबीच प्रतिस्पर्धा हुनेछ। अफ्रिकन चलचित्रतर्फ इजिप्ट, ट्युनेशिया र मोरक्कोका चलचित्र अन्तिम प्रतिस्पर्धामा छन्। महोत्सव अवधिभर तीसजनालाई नृत्य प्रशिक्षण प्रदान गरिनेछ। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र चलचित्र विकास बोर्डको सहकार्यमा आयोजना हुने प्रशिक्षणसँगै 'सिनेमा, कल्चर एण्ड नेचर' शीर्षकमा चारदिने चित्रकला प्रदर्शनी सञ्चालन गरिनेछ। यसवर्ष विभिन्न देशका तीसजना विदेशी चलचित्रकर्मी महोत्सवमा सहभागी हुनेछन्।

महोत्सव निर्देशक क्षत्रीले पछिल्लो वर्षदेखि अन्तर्राष्ट्रिय चलचित्रलाई समेट्ने उद्देश्यसहित महोत्सवको नाम नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव राखिएको जानकारी गराउनुभयो।


**श्री सैनिक आवासीय महाविद्यालय, बुटवल, रुपन्देही**

**मेशिनरी औजार खरिद र फर्निचर आपूर्ति कार्य सम्बन्धी**

**दरभाउपत्र र बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/१०/०२ गते)

१. यस महाविद्यालयको लागि आ.ब.०८२/८३ मा मेशिनरी औजार खरिद र फर्निचर आपूर्ति कार्य गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त ईच्छुक फर्म/संस्था/कम्पनीहरुको लागि e–GP System को माध्यमबाट देहाय बमोजिम दरभाउपत्र र बोलपत्र आव्हान गरिएको छ। साथै विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http://www.bolpatra.gov.np/egp हेर्नु हुन समेत यो सूचना प्रकाशित गरिएको छ।

| बिबरण | ठेक्का नं | खरिदको प्रकार | दस्तुर ने.रु. (फिर्ता नहुने) | लागत इष्टिमेट रकम (मु.अ.कर सहित) रु. | जमानत रु. | बिड गर्ने अन्तिम मिति र समय | खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| मेशीनरी औजार खरिद | NAWF/SAMV/GOODS/BTL/2082/83/65 | दरभाउपत्र | १,०००/- | १२,३७,३५०/- | ३१,०००/- | २०८२/१०/१८ गतेको १२०० बजे | २०८२/१०/१८ गतेको १३०० बजे गोलपार्क, बुटवल |
| नयाँ विद्यार्थीको लागि फर्निचर आपूर्ति कार्य | NAWF/SAMV/GOODS/BTL/2082/83/66 | बोलपत्र | ३,०००/- | २२,८४,८६०/- | ५७,०००/- | २०८२/११/०४ गतेको १२०० बजे | २०८२/११/०४ गतेको १३०० बजे गोलपार्क, बुटवल |

२. थप जानकारीको लागि फोन नं. ०७१-५९१५३१ ईमेल: armyschool–butwal@nepalarmy.mil.np मा सम्पर्क राख्न सकिने र बोलपत्र www.bolpatra.gov.np/egp सिष्टम मार्फत बिड गर्नुपर्ने छ।

३. राजश्व बापत महाविद्यालयको सिद्धार्थ बैंक लि.योगिकुटी शाखामा रहेको खाता नं. ५५५०५७८९९९४ मा दाखिला गर्नुपर्नेछ।

४. जमानत बापत महाविद्यालयको धरौटी खाता नं. ५५५०५७८९९९४ सिद्धार्थ बैंक लि.योगिकुटी शाखा, बुटवलमा दाखिला गर्न सकिनेछ।

५. दरभाउपत्र बैंक जमानतको मान्य अवधि खोलुवा हुने मितिबाट ७५ दिन र बोलपत्र बैंक जमानतको मान्य अवधि खोलुवा हुने मितिबाट १२० दिनसम्मको हुनुपर्नेछ।



**राक्सिराङ्ग गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चैनपुर, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०२ गते**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्विकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकाले इच्छुक बोलपत्रदाताहरुले यो सूचना प्रकाशित मितिले ३० (तिस) दिन भित्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको विद्युतीय प्रणाली (https://www.bolpatra.gov.np/egp/) मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि. नं. | ठेक्का विवरण | बोलपत्र जमानत | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|
| १ | ROAD/ RAK/NCB/5-82/83 "Ratuwa Gingu Wada Karyalay Thulo Todke Gaijurang Road Upgradation Works" | रु.६,००,०००.०० | रु. ५,०००.०० |

थप जानकारीको लागि यस कार्यालय एवम् सार्वजनिक खरिद अनुगमनको कार्यालय (**https://www.bolpatra.gov.np/egp/**) मा सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Government of Nepal**

**Ministry of Water Supply**

**Department of Water Supply and Sewerage Management**

**Water Quality and Sanitation Service Improvement Section**

**Panipokhari, Kathmandu**

**Notice for Shortlisted Consulting Firms**

**Date of Publication: January 16, 2026 (2082/10/02)**

1. Pursuant to the Notice for Expression of Interest for Detail Engineering Survey and Design of Water Treatment Plants for 8 Different Water Supply Projects Package 1 & 2 (EOI : CS-01/DWSSM/WQSSIS/DPR/Package-01/082-83 & CS-01/DWSSM/WQSSIS/DPR/Package-02/082-83) published by DWSSM in **Gorkhapatra** daily and **www.bolpatra.gov.np/egp** on **October 19, 2025;** the following consulting firms have been shortlisted.

| SN | Package 1: Name of Shortlisted Consulting Firms | SN | Package 2: Name of Shortlisted Consulting Firms |
|---|---|---|---|
| 1. | AVIYAAN-PRIXA-CARD JV | 1. | AVIYAAN-PRIXA-CARD JV |
| 2. | Civil Tech-Geo Grid JV | 2. | Civil Tech-Geo Grid JV |
| 3. | ERMC-GEOCOM-SCHOLAR'S JV | 3. | ERMC-GEOCOM-SCHOLAR'S JV |
| 4. | Integrated Development & Research Services (P) Ltd. JV with Interface Engineering (P) Ltd. | 4. | Integrated Development & Research Services (P) Ltd. JV with Interface Engineering (P) Ltd. |
| 5. | ITECO-MADI JV | 5. | ITECO-MADI JV |
| 6. | Niyatra-Paragon-SIDEF | 6. | Niyatra-Paragon-SIDEF |
| 7. | TAEC Consult P. Ltd. | 7. | TAEC Consult P. Ltd. |

2. DWSSM will contact the shortlisted consultants to issue the Request of Proposal (RFP) on due course of time.

**Deputy Director General**
**DWSSM**


# डल्बी एटमस 'साउण्ड मिक्सिङ' तालिम

## स्टुडियोको औपचारिक उद्घाटन आज हुँदै

**हिमालय टाइम्स**

काठमाडौं, १ माघ

नेपालमा पहिलोपटक अत्याधुनिक तथा अन्तर्राष्ट्रियस्तरको ध्वनि प्रविधि डल्बी एटमसको साउण्ड मिक्सिङ तालिम भइरहेको छ। म्युजिक नेपालको आयोजना, चलचित्र विकास बोर्डको सक्रिय सहयोग तथा सहकार्यमा भिजुअल सोसाइटी अफ नेपालको सहआयोजनामा तालिम भइरहेको हो।

म्युजिक नेपालद्वारा स्थापना गरिएको डल्बी अडियो साउण्ड मिक्सिङ स्टुडियो 'सगरमाथा' मा नेपाली चलचित्र क्षेत्रमा कार्यरत साउण्ड मिक्सिङ प्राविधिकका लागि तालिम प्रदान गरिँदैछ। बुधबार र बिहीबार सञ्चालन गरिएको तालिममा नेपाली चलचित्रमा व्यवसायिक साउण्ड इन्जिनियरङ गर्दै आएका बीसजना प्राविधिक सहभागी छन्।

तालिम सञ्चालनका लागि भारतीय चलचित्र उद्योगका चर्चित तथा डल्बीबाट सर्टिफाइड साउण्ड इन्जिनियर भरत रेड्डी नेपाल आउनुभएको छ। रेड्डीको नाम 'थ्री इडियट्स, सैयारा, पुष्पा, सितारे जमिन पर, थामा, धुरन्धर' तथा आउन लागेको 'टक्सिक' जस्ता चर्चित चलचित्रसँग जोडिएको छ। उहाँ डल्बी सर्टिफाइड ट्रेनर हुनुहुन्छ।



तालिम सुरु हुनुअघि बोर्ड अध्यक्ष दिनेश डिसी र बोर्ड सदस्य वीरेन्द्रप्रसाद भट्टले रेड्डीलाई फूलको गुच्छा र नेपालमा छायांकन गन्तव्य समेटिएको पुस्तक प्रदान गर्दै स्वागत गर्नुभएको थियो। सो अवसरमा अध्यक्ष डिसीले सहभागी प्राविधिकलाई सक्रिय रूपमा ज्ञान आर्जन गर्न शुभकामना दिँदै यो तालिमले नेपाली चलचित्रको प्राविधिक गुणस्तरलाई विश्वस्तरमा पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको थियो र डल्बीबाट सर्टिफाइड म्युजिक नेपालको यो स्टुडियो दक्षिण एसियामा रहेका सीमित दशवटा स्टुडियोमध्ये एक हो भने नेपालकै पहिलो डल्बी एटमस साउण्ड मिक्सिङ स्टुडियो हो।

तालिमपछि स्टुडियोको औपचारिक उद्घाटन आज (शुक्रबार) पिंगलास्थान, गौशाला, काठमाडौंमा नेपाली चलचित्रकर्मीको उपस्थितिमा गरिने म्युजिक नेपालले जनाएको छ। स्टुडियो सञ्चालनमा आएपछि नेपाली दर्शकले विदेशी चलचित्रसरह उच्चस्तरीय साउण्ड अनुभव प्राप्त गर्ने अपेक्षा गरिएको छ।

# निफको नवौं संस्करण चैत १९ देखि २३ गते हुने

**हिमालय टाइम्स**

काठमाडौं, १ माघ

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले आयोजना गर्ने नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को नवौं संस्करण चैत १९ देखि २३ गते (अप्रिल २-६, २०२६) सम्म हुने भएको छ। 'विश्वभरका कथाहरूको उत्सव' भन्ने नारालाई निरन्तरता दिँदै आयोजकले महोत्सवको मिति सार्वजनिक गरेको हो। यसवर्ष महोत्सवमा युवा पुस्ताको रुचि र




सहभागितालाई केन्द्रमा राखेर चलचित्रहरू चयन गरिएको निफले जनाएको छ। निफका अध्यक्ष केपी पाठकका अनुसार, 'हामीले यो पटक युवापुस्ता केन्द्रित चलचित्रहरूलाई प्राथमिकता दिएका छौं। निफलाई युवामैत्री बनाउने हाम्रो प्रयास रहेको छ। युवा मेकरहरूलाई प्रोत्साहन गर्न एआई चलचित्र मेकिङको कार्यशालालगायतका सेसन राखेका छौं।'

निफले जानकारी दिएको अनुसार, ८० भन्दा बढी देशबाट आठ सयभन्दा बढी चलचित्रले महोत्सवमा सहभागी हुन आवेदन दिएका थिए। त्यसमध्ये उत्कृष्ट र युवापुस्ताको चासोमा रहेका चलचित्रहरू छनोट गरी ४० देशका ८८ चलचित्र प्रदर्शन गरिनेछ। यसमा फिचर चलचित्र, सर्ट फिल्म, एआई चलचित्र र डकुमेन्ट्री समावेश छन्।

'गत संस्करणको तुलनामा यो पटक सबैभन्दा बढी चलचित्रको सहभागिता भएको छ। यो अन्तर्राष्ट्रिय फिल्म समुदाय र मेकरहरूको निफप्रतिको विश्वास बढेको संकेत हो', अध्यक्ष पाठकले भन्नुभयो। गत फागुनमा महोत्सवको मिति घोषणा भए पनि जुनमा भएको जेन-जी आन्दोलन र आगामी आमनिर्वाचनका कारण महोत्सव एक महिनापछि सारिएको हो।

महोत्सवमा विभिन्न विधामा अवार्ड प्रदान गरिनेछ। यसका प्रमुख अवार्डहरूमा सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय फिचर चलचित्र-गौतम बुद्ध अवार्डः एक हजार पाँच सय अमेरिकी डलर र ट्रफी, सर्वोत्कृष्ट राष्ट्रिय चलचित्र- एक लाख रुपैयाँ नगद र ट्रफी, सर्वोत्कृष्ट डकुमेन्ट्री-माउण्टे एभरेण्ट अवार्डः एक हजार अमेरिकी डलर र ट्रफी, सर्वोत्कृष्ट दक्षिण एसियाली फिचर चलचित्र पाँच अमेरिकी डलर र ट्रफी,

एआई चलचित्र-मञ्जुश्री अवार्ड : ५०० अमेरिकी डलर र ट्रफी, अन्तर्राष्ट्रिय स्टुडेन्ट सर्ट फिल्म-वेष्ट स्टुडेण्ट फिल्म अवार्ड : ट्रफी, राष्ट्रिय सर्ट फिल्म- ५० हजार रुपैयाँ नगद र ट्रफी र राष्ट्रिय डकुमेन्ट्री- वेस्ट नेशनल डकुमेन्ट्री अवार्ड : ५० हजार रुपैयाँ नगद र ट्रफी छन्। साथै, राष्ट्रिय फिचर चलचित्रतर्फ सर्वोत्कृष्ट निर्देशक, अभिनेता, अभिनेत्री, पटकथा लेखक र छायांकारलाई ट्रफीले सम्मानित गरिने जनाइएको छ।

# गोमाको डिजाइनमा अन्तर्राष्ट्रिय फेष्टिबलमा खुलिन सरिता

**हिमालय टाइम्स**

काठमाडौं,१ माघ

गायिका तथा अभिनेत्री सरिता भारतीले आफ्नो अभिनय रहेको चलचित्र 'द चेन्ज'बाट बंगलादेशमा सम्पन्न ६औं बुगेरा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा 'अनरेबल मेन्सन अवार्ड' प्राप्त गर्नुभएको छ। यो सरिताको पहिलो अन्तर्राष्ट्रिय चलचित्र महोत्सव सहभागिता हो।

चार दिनसम्म चलेको उक्त महोत्सवमा 'द चेन्ज' अन्तर्राष्ट्रिय इन्डोर समूहअन्तर्गत चयन भएको थियो। यही चलचित्रले अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट 'अनरेबल मेन्सन अवार्ड' जित्न सफल भएको हो।

महोत्सवमा नेपालबाट निर्देशक डब्बु क्षत्री र अभिनेता प्रवण भुसाल पनि सहभागी हुनुभएको थियो। रेड कार्पेट तथा अवार्ड



समारोहमा सहभागी हुन सरिता भारती बंगलादेश पुग्नुभएको थियो। अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्दै सहभागी हुनुभएकी सरिताका लागि अग्रज फेशन डिजाइनर तथा वाटिका क्रियसन थापागाउँकी अध्यक्ष गोमा अधिकारी धितालले विशेष राष्ट्रिय भाव झल्किने पहिरून तयार गर्नुभएको थियो। सेतो सारीमा इम्ब्रोइडरीमार्फत नेपालको राष्ट्रिय पक्षी डाँफे समावेश गरिएको थियो भने रातो मखमली चोलोमा हिमाल र राष्ट्रिय फूल लालीगुँरास अंकित गरिएको थियो।

रेड कार्पेटमा सरिता भारती उक्त पहिरूनमा निकै आकर्षक देखिनुभएको थियो। उहाँको पहिरूनको डिजाइन, त्यसमा समेटिएका डाँफे र लालीगुँरासले महोत्सवमा सहभागी दर्शक तथा कलाकारहरूको विशेष ध्यान खिचेको थियो। धेरैले सो पहिरूनको खुलेर प्रशंसा गरेका थिए। फेशन डिजाइनर गोमा अधिकारी धिताल विगत एक दशकदेखि फेशन डिजाइन क्षेत्रमा सक्रिय रहँदै आउनुभएको छ।

■ एन्फा राष्ट्रिय लिग

# संकटा र सातदोबाटोले बाँडे अंक



तस्वीर : एन्फा

**हिमालय टाइम्स**

काठमाडौं, १ माघ

एन्फा राष्ट्रिय लिग अन्तर्गत दोस्रो दिन भएको पहिलो खेलमा संकटा क्लब र सातदोबाटो क्लब गोलरहित बराबरी खेलेका छन् । बिहीबार एन्फा कप्लेक्समा भएको खेलमा दुवै टोलीले गोलरहित बराबरी खेलेका हुन् । दुवै टोलीले गोल गर्ने अवसर पाएता पनि त्यसलाई सदुपयोग गर्ने नसकेपछि खेल बरारीमा रोकिएको हो ।

यस्तै बिहीबार भएको दोस्रो खेलमा लालिगुँराास एसोसिएसन र जावलाखेल युवा क्लबबीच भएको थियो । राज भुसालको निर्णायक गोलसँगै मोफसलको लालिगुराँस एसोसिएसन क्लबले राष्ट्रिय लिगमा सुखद् सुरुआत गरेको छ । लालिगुराँसको जितमा राजले गरेको गोल नै निर्णायक रह्यो । जितसँगै लालिगुराँसले तीन अंक प्राप्त गरेको छ । खेलको सुरुआती दोस्रो मिनेटमै लछु थापाले हानेको फ्रिकिकलाई राजले गोलमा परिणत गर्दै लालीगुराँसलाई अग्रता दिलाउनुभयो । यही गोल खेलको निर्णायक गोल बन्यो ।

३२औं मिनेटमा जावलाखेलका सुजन गुरुङले प्रहार गरेको फ्रिकिकमा धर्बेन्द्र कुँवरले हेडर गर्दा बल पोस्टको बायाँपट्टिबाट बाहिरिएको थियो । ३७औं मिनेटमा लालीगुराँसका स्कन्दर सिद्दीखोनोवले फाउल खेलेपछि पहेंलो कार्ड पाउनुभयो । सो फाउलबाट प्राप्त अवसरलाई जावलाखेलका दीपेन्द्र विकले सदुपयोग गर्न सक्नुभएन ।

४२औं मिनेटमा जावलाखेलका अनिल रानामगरले गरेको प्रहार पनि लक्ष्यमा चुक्यो । पहिलो हाफको इन्जुरी समयमा जावलाखेलका युवराज ढकालले फाउल गरेपछि रेफ्रीले उहाँलाई पहेंलो कार्ड देखाउनुभएको थियो ।

दोस्रो हाफको ५६औं मिनेटमा लालीगुराँसका सचिन गुरुङले गरेको प्रहार पोस्टको दायाँपट्टिबाट बाहिरियो । ७८औं मिनेटमा जावलाखेलका निकोलस ओड्ने ह्यामिल्टनको शक्तिशाली प्रहारलाई लालीगुराँसका गोलकिपर अनिश महतोले उत्कृष्ट बचाउ गर्नुभयो ।

त्यसैगरी दोस्रो हाफको इञ्जुरी समयमा धर्बेन्द्रले गरेको प्रहारलाई पनि गोलकिपर अनिशले दोस्रो पटक उत्कृष्ट बचाउ गर्दै टिमलाई जित दिलाउनुभयो ।

एन्फा राष्ट्रिय लिग बुधबारबाट सुरु भएको हो, जारी प्रतियोगितामा कूल १७ टोलीले प्रतिस्पर्धा गरेका छन् । सिंगल राउन्ड रोबिनका आधारमा सञ्चालन हुने लिगमा कूल १३६ खेल हुनेछन् ।

सहभागी क्लबमा नेपाल एपिएफ एफसी, काँक्रेविहार वाईसी, श्रीभगवती, सातदोबाटो युथ, लालिगुराँस एशोसिएसन, मच्छिन्द्र एफसी, चित्लाङ एफसी, त्रिभुवन आर्मी एफसी, प्लानिङ ब्वाइज युनाइटेड, नेपाल पुलिस, मनाङ मर्स्याङ्दी, नवजनजागृति, न्यु रोड टिम (एनआरटी), जावलाखेल युथ, संकटा एफसी, चर्च ब्वाइज युनाइटेड र फ्रेन्ड्स रहेका छन् ।

# सूर्य नेपाल इस्टर्न ओपन : साविक विजेता निरज पाँच स्ट्रोकको अग्रतासहित शीर्षस्थानमा

**हिमालय टाइम्स**

काठमाडौं, १ माघ

सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनमा नेपाल नम्बर एक प्रो गल्फर निरज तामाङ लगातार दोस्रो दिन अग्रतामा रहनुभएको छ । निरज ६-अन्डर ६४ को उत्कृष्ट स्कोरमा पाँच स्ट्रोकको अग्रतासहित शीर्ष स्थानमा कायमै रहन सफल हुनुभएको हो । निरजले एमेच्योर गल्फर राहुल विश्वकर्मालाई पाँच स्ट्रोकले पछि पार्ने क्रममा निरजले समग्रमा १२-अन्डर १२८ लोभलाग्दो प्रदर्शन गर्नुभयो । राहुलले पनि ६-अन्डर ६४ को स्कोर निकाल्दा समग्रमा ७-अन्डर १३३ सहित दोस्रो स्थानमा रहनुभयो ।

समग्रमा ४-अन्डर १३६ को स्कोरमा धरानका प्रो शुक्रबहादुर राई र टंकबहादुर कार्की संयुक्त रूपमा तेस्रो स्थान बाँडनुभयो । शुक्रले ३-अन्डर ६७ र टंकले १-अन्डर ६९ मा दोस्रो दिनको खेल सकाउनुभयो ।

बिहीबार ४-अन्डर ६६ खेल्दै दिनेश प्रजापति समग्रमा ३-अन्डर १३७ सहित पाँचौं स्थानमा रहनुभएको छ । समग्रमा १-अन्डर १३९ सहित रवि खड्का, भुवन नगरकोटी र बलभद्र राई संयुक्त रूपमा छैटौं स्थान बाँडनुभयो । रविले बिहीबार १-अन्डर ६९, भुवनले इभन-पार ७० र बलभद्रले २-ओभर ७२ को स्कोर निकालनुभयो ।

समग्रमा २-ओभर १४२ स्कोरका साथ दुई एमेच्योर पदम हांग लिम्बु र प्रकृत तामाङ संयुक्त रूपमा नवौं स्थानमा रहनुभयो । पदमले बिहीबार २-अन्डर ६८ र प्रकृतले ३-ओभर ७३ को स्कोर तयार पार्नुभयो ।

नेपाल नम्बर एक निरजले आफ्नो घरेलु कोर्समा लागातार दोस्रो दिन ६-अन्डर खेल्ने क्रममा दोस्रो, तेस्रो, पाँचौं, छैटौं, आठौं र नवौं होलमा बर्डीको सफलता प्राप्त गर्नुभयो । ६ बर्डीको सहायतामा बोगी फ्रि ६-अन्डर ३० मा फ्रन्ट नाइनको खेल सानदार शैलीमा सकाउनुभयो । ११औं होलमा पनि एक सट बचाए तर १५औं होलको बोगीले ब्याक नाइन इभन-पार ३४ मा सकाउनुभयो ।




राहुलले बिहीबार बोगी रहित कार्ड बनाउने क्रममा फ्रन्ट नाइन ३-अन्डर ३३ र ब्याक नाइन पनि ३-अन्डर ३१ मा सकाउनुभयो । उहाँले पाँचौं, छैटौं, नवौं, १०औं, १२औं र १८औं होलमा गरी कुल ६ बर्डीको सफलता प्राप्त गर्नुभयो ।

शुक्रले दोस्रो, तेस्रो र सातौं होलमा बर्डी प्रहार गरे पनि चौथो र पाँचौं होलमा एक-एक सट खेर फाल्दै फ्रन्ट नाइन १-अन्डर ३५ मा पूरा गर्नुभयो ।

टंकले दोस्रो होलको बोगीका विरूद्ध पहिलो र सातौं होलमा बर्डी खेप्दा फ्रन्ट नाइन १-अन्डर ३५ खेल्नुभयो । यसपछि १०औं, १२औं र १८औं होलमा एक-एक सट बचाउनुभयो । ११औं, १४औं र १५औं होलको बोगीले ब्याक नाइम इभन-पार ३४ मा सकाउनुभयो ।

३६ होलको समाप्तिमा ११-ओभर १५१ सम्म स्कोर गर्नुभएका १७ प्रोफेसनल तथा ७ एमेच्योर खेलाडीले कट बनाउनुभयो । बिहीबार १४औं होलमा होल-इन-वान गरेका जयराम श्रेष्ठसहित प्रोफेसनल खेलाडी सुमन परियार, सुनिल केसी, सञ्जय लामा, सुमन राई, भुवन कुमार रोक्का, दीपक मगर, कृष्णमान राजबाहक, सुरेश तामाङ, सूर्यप्रसाद शर्मा र धनबहादुर थापाले तेस्रो तथा अन्तिम दिनको लागि स्थान सुरक्षित गर्नुभयो ।

एमेच्योरतर्फ राहुल ७-अन्डर १३३ स्कोर सहित शीर्ष स्थानमा हुनुहुन्छ । उहाँ पदम हाङ लिम्बु र प्रकृत तामाङभन्दा नौ स्ट्रोकले अघि हुनुहुन्छ । अन्य चार एमेच्योर खेलाडी, सुन्दर राई, राम तामाङ, जितेन्द्र राई र बलराम पौडेलले पनि कट बनाउनुभयो । ११-ओभर १५१ स्कोर गरे पनि शिवकुमार माझी, थामबहादुर राई, राजेन राई तथा एमेच्योर गजेन्द्र लिम्बु काउन्ट ब्याकका आधारमा कट बनाउन सक्नुभएन ।

सूर्य नेपाल प्रा.लि.को प्रायोजनमा तीन दिनसम्म चल्ने ५४ होलको प्रतिस्पर्धामा कुल पुरस्कार राशि १० लाख ५० हजार रुपैयाँ छ । प्रतियोगिताको उपाधि विजेताले एक लाख ७० हजार रुपैयाँ प्राप्त गर्नेछन् । उपविजेताले एक लाख २५ हजार र तेस्रो स्थान हासिल गर्ने खेलाडीले एक लाख रुपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगितामा ३० जना व्यावसायिक खेलाडी तथा २२ एमेच्योर खेलाडी प्रतिस्पर्धामा छन् ।

प्रतियोगिताको समापन माघ १७ गते शनिबार प्रो-एम प्रतियोगितासँगै हुनेछ । प्रो-एम इभेन्टमार्फत एमेच्योर गल्फरहरूले व्यावसायिक खेलाडीसँग एउटै टिममा खेल्ने अवसर पाउनेछन् ।

सूर्य नेपाल गल्फ टुर २०२५-२६ मा कुल आठ प्रतियोगिता समावेश छन् । जसको समग्र पुरस्कार राशि ८० लाख रुपैयाँ छ । नेपालको प्रमुख व्यावसायिक गल्फ सर्किटका रूपमा स्थापित यो टुरले यस वर्ष पनि प्रतिस्पर्धात्मक र रोमाञ्चक खेल प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।

■ साफ फुटसल च्याम्पियनसिप

# माल्दिभ्सको पोस्टमा नेपाली महिला टिमको पाँच गोल



**काठमाडौं/हिटा ।** अन्तर्राष्ट्रिय फुटसलमा ऐतिहासिक पहिलो जित निकाल्ने क्रममा नेपाली राष्ट्रिय महिला टिम माल्दिभ्सविरुद्ध पाँच-शुन्यले विजयी बनेको छ । थाइल्यान्डको बैंककमा जारी साफ फुटसल च्याम्पियनसिपमा नेपालले आफ्नो दोस्रो खेलमा बिहीबार माल्दिभ्सविरुद्ध सहज जित निकालेको हो ।

हुवा माक रंगशालाको फुटसल एरिनामा सम्पन्न खेलमा नेपाललाई जित दिलाउन जेनिफर रानामगरले दुई गोल गर्नुभयो । यस्तै, विमला चौधरी र मनिषा थापामगरले एक-एक गोल गर्नुभयो । नेपालले एक गोल माल्दिभ्सका खेलाडीबाट आत्मघाती उपहार पाएको थियो । पहिलो हाफमा चार गोलको अग्रता लिएको नेपालले दोस्रो हाफमा एक गोल थपेको हो ।

जितसँगै नेपाल दुई खेलमा चार अंक जोड्दै अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । यसअघि नेपालले श्रीलंकासँग दुई-दुई को बराबरी खेलेको थियो । माल्दिभ्सले यसअघि भारतसँग ११-एक को फराकिलो हार बेहोरेको थियो ।

## मार्वलस र बालदीक्षा सदन सेमिफाइनलमा

**काठमाडौं/हिटा ।** मार्वलस र बालदीक्षा सदन पाँचौं केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन् । आयोजक केएमसी 'बी' लाई ५१-३५ ले पराजित गर्दा मार्वलसको जितमा सिनेप शाहीले १६ अंक योगदान गर्नुभयो । अर्नव महर्जनको १३ अंक सहयोगमा बालदीक्षाले सेवा सदनलाई ३८-२८ ले हरायो । सिनियर ब्वाइजमै गोल्डेनपिकले माइलस्टोनलाई ४८-३७ ले पाखा लगायो । गोल्डेनपिकका विजय तामाङले १९ स्कोर गर्नुभयो । सेमिफाइनलमा गोल्डेनपिकको भेट मार्वलससँग हुनेछ । बालदीक्षाको प्रतिद्वन्द्वी टुंगो लाग्न बाँकी छ । आज (शुक्रबार) भिएस निकेतन र काठमाडौं जेभियर्स पब्लिकबीच हुने सिनियर ब्वाइजको अन्तिम क्वाटरफाइनलको विजेताले बालदीक्षाको सामना गर्नेछ । जुनियर ब्वाइजमा ग्रिनफिल्डले सनसाइनलाई १९-१५, गोल्डेनपिकले मानांक चिल्ड्रेनलाई २२-१६, ग्रिन लन्सले हिमालीलाई १३-८ र इडेन ब्रिज एकेडेमी (इबिए) ले गोल्डेन फ्लावरलाई ३२-१९ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे । ग्रिनफिल्डका किस्मत ढकालले १२, गोल्डेनपिकका सुजल तामाङले आठ, ग्रिन लन्सका विजय मगरले चार र इबिएका प्रसिक श्रेष्ठले १४ स्कोर गर्नुभयो ।


STOXKARTS SECURITIES LIMITED.

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

**स्टक्स्कार्टस् सेक्युरिटीज लिमिटेड**

डिल्लीबजार, काठमाण्डौं

ब्रोकर नं. ८६

**तेस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मिति : २०८२।१०।०२)

यस कम्पनीको मिति २०८२ साल पौष २४ गते बिहीवार बसेको सञ्चालक समितिको ३२ औ बैठकको निर्णयानुसार कम्पनीको तेस्रो वार्षिक साधारणसभा देहायका बिषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, स्थान र समय :**
मिति : बि.सं.२०८२ साल माघ १७ गते (सन् जनवरी ३१, २०२६) शनिवार ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लीबजार-२९, काठमाण्डौको सभाकक्ष ।
समय : दिउसो २:०० बजे ।

२. **छलफलका विषयहरू:**
क. सामान्य प्रस्ताव :
१. तेस्रो वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), आ.व.२०८१/०८२ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका बार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने।
३. आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने।
४. सञ्चालक समितिको निर्वाचन गर्ने।
५. विविध।

**संचालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**



# Ghyanglekh Rural Municipality

## Office of the Rural Municipal Executive

**Hayutar, Sindhuli**

**Bagmati Province, Nepal**

**Invitation for e-Bids**

**Second Date of Publication: 2082/10/02 (16-01-2026 AD)**

1. The **Ghyanglekh Rural Municipality, Sindhuli** invites electronics bids from eligible bidder for the Procurement of works under bidding procedures specified in Public Procurement Act and Regulations.
2. Details of Works:

| S.N | Contract ID | Description of Work | Bid Security Amount Nrs. | Estimated Amount (with VAT, PS and Contengency) |
|---|---|---|---|---|
| 1 | GHRM/Civil/Works/NCB/08/2082-83 | Mukti aa. vi Bokse Building Construction, Ward no. 04 | 33,000.00 | 15,02,355.81 |

3. Bidding Documents is available Online and can be download from **e-GP System www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposits the cost of bidding documents in the following bank. **(Contacts no. and Name of the bidders must be including in the voucher otherwise rejected)**
**Information to deposit the cost of bidding document in Bank:**
Cost of Bid-Document for each package: **Nrs.3000/- (Bidder must deposit their Bid document fee through Local Level Revenue Portal https://sutrarevenue.fcgo.gov.np)**
Name of Bank: **Nepal SBI Bank Ltd. Ghyanglekh branch, Sindhuli**
Name of Office: **Ghyanglekh Rural Municipality**
Office Code No.: **801032504**
Internal Revenue Account No.: **Ga-1-1(43395241207004)**
Revenue Account Code No.: **14249**
Dharauti Account No. (Dharauti Khata): **Ga-3.1(43325240600016)**
4. Interested Bidder shall submit the electronics bids to the office of **Ghyanglekh Rural Municipality, Sindhuli** through PPMO website on before **2082/10/18, 12:00 hours**. Bids received after this deadline will be rejected.
5. The bid will be open in the presence of Bidders representative who choose to attend at **2082/10/18, 13:00 hours** at the office of **Ghyanglekh Rural Municipality, Sindhuli**.
6. Bid must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format as mentioned which shall be valid for **30 days** beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash to be deposited in **Deposit Account No. Ga-3(43325240600016)** and submit receipt of deposit amount.
7. If the specified last date of bid document purchasing and submission/opening, fall on a Government holiday then the same time on the next day shall be considered for such events. However, the last date for bid submission and opening shall be the next working day after the last date of bid purchasing. In such case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. All government rules and regulations shall be according to Procurement act of Nepal. The **Rural Municipality** office reserves the right to accept, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

यस **घ्याङलेख गाउँपालिकाको कार्यालय हायुटार, सिन्धुली**ले निर्धारित मिति भित्र दर्ता भयका दरभाउपत्र दाताहरुले तपसिल बमोजिम कार्य सम्बन्धी दरभाउपत्र मार्फत आह्वानबारे सूचना प्रकाशित भए बमोजिम पेश भएका दरभाउपत्रहरु मध्ये तपशिलको दरभाउपत्रदाता न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पुर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर र पिएस सहित) |
|---|---|---|---|---|
| 1 | GHRM/Sindhuli/Goods/SQ/01/2082/083 | The Procurement of Goods Medicine and Surgical Items | Himalayan Medicine Distributors Lalitpur Nepal | Nrs. 5,40,806.10 |

**Chief Administrative Officer**

जि.प्र.का.द.नं. १४२-०५१/५२, म.ले.हु.वि.द.नं. ०२/०७५/७६
२०८२ माघ २ शुक्रबार
Friday 16 January 2026

# उद्योग संगठन मोरङको 'कोशी कनेक्ट' व्यावसायिक मिसन

**हिमालय टाइम्स**
विराटनगर, १ माघ

कोशी प्रदेशको औद्योगिक विकास र क्षेत्रीय व्यवसायबीचको सहकार्य थप प्रगाढ बनाउने अभिप्रायसाथ उद्योग संगठन मोरङले माघ २ गतेदेखि ४ गतेसम्म तीनदिने 'कोशी कनेक्ट' व्यावसायिक मिसन सञ्चालन गर्ने भएको छ। औद्योगिक विकास, क्षेत्रीय सहकार्य तथा व्यवसाय-व्यवसायबीचको आपसी सहकार्य अभिवृद्धि गर्न उत्प्रेरकको भूमिका निर्वाह गर्ने उद्देश्यसाथ कोशी कनेक्ट व्यावसायिक मिसन सुरु हुँदैछ। मिसनअन्तर्गत संगठनको प्रतिनिधिमण्डलले उदयपुर, खोटाङ र भोजपुर जिल्लाको भ्रमण गरी स्थानीय उद्योग/व्यवसाय, लगानीका अवसर र आपसी सहकार्यका विषयमा अन्तरक्रिया गर्ने संगठनले जनाएको छ।

संगठनको प्रतिनिधिमण्डलमा अध्यक्ष नन्दकिशोर राठी, निवर्तमान अध्यक्ष राकेश सुराना, वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलाल, उपाध्यक्ष सुरेन्द्र गोल्छा, विपिन कावरा, सुवोध कोइराला, कोषाध्यक्ष पारस लुनियालगायत कार्यसमिति सदस्यहरू सौरभ सारडा, वीरेन्द्र राठी, दिपक अग्रवाल, सन्तोष भगत, सिद्धार्थ कावरा, किरण व्यास, पारस गोल्छा, उकेश अग्रवाल, उद्यमी निर्मल कोचर, महिला उद्यमी प्रतिभा पौडेल निरौला, सावित्रा ढकाल, विमला थापा, मयुषा, युवा उद्यमी रोमन कट्टेल, सागरराज ढुंगाना र संगठनका महानिर्देशक चुडामणि भट्टराईको सहभागिता रहेको छ।

व्यावसायिक मिसनले क्षेत्रीय व्यापार सुदृढ गर्ने, स्थानीय उत्पादन प्रवर्द्धन गर्ने, साझा समृद्धिको मार्ग निर्माण गर्ने लक्ष्य प्राप्तिमा टेवा पुर्‍याउने विश्वास लिएको संगठनका अध्यक्ष नन्दकिशोर राठीले बताउनुभयो। उहाँले निजी क्षेत्रको अग्रणी संस्था उद्योग संगठन मोरङले अभियानमार्फत् पहाड र तराईलाई साझा विकास यात्रामा अघि बढाई व्यवसाय-व्यवसायबीच सम्बन्ध विस्तार, ज्ञान र विचार आदानप्रदान तथा आर्थिक एजेण्डामा साझा आवाज स्थापना गर्ने विश्वास व्यक्त गर्नुभयो।




उहाँले कोशी प्रदेश सरकारले सञ्चालनमा ल्याएको कोशी पर्यटन वर्ष २०८२ अभियानलाई समर्थन गर्दै निजी क्षेत्रको नेतृत्वमा पर्यटन प्रवर्द्धन, क्षेत्रीय सम्बन्ध विस्तार र आपसी सहकार्य थप मजबुत बनाउन पनि मिसनले सहयोग पुर्‍याउने बताउनुभयो। 'कोशी कनेक्ट' व्यावसायिक मिसनले अन्तरजिल्ला व्यापारिक सञ्जाल र साझेदारी स्थापना, लगानी र व्यापारका अवसरको प्रवर्द्धन, मेरो देश मेरै उत्पादन अभियानमार्फत् स्वदेशी उत्पादनको बजार प्रवर्द्धन, बिटुबी प्लेटफर्ममार्फत् व्यवसायलाई भर्चुअलरूपमा जोड्ने, उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने र आर्थिक एजेण्डामा साझा धारणा निर्माण गर्ने लक्ष्य राखेको संगठनले जनाएको छ।

संगठनका अनुसार कार्यक्रमअन्तर्गत माघ २ गते त्रियुगा उद्योग वाणिज्य संघ, गाईघाट, ३ गते खोटाङ उद्योग वाणिज्य संघ, ४ गते भोजपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, स्थानीय उद्योगी व्यवसायीका साथ बिटुबी र सहकार्यका विविध आयामबारेमा अन्तरक्रिया हुनेछ। व्यावसायिक मिसनले कोशी प्रदेशका निजी क्षेत्रको साझा विकास र व्यावसायिक साझेदारी अघि बढाउन सहयोग पुग्ने विश्वास संगठनले लिएको छ। विगत केही वर्षयता संगठनले विभिन्न सरोकारवाला निकायसँगको सहकार्यमा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी गतिविधिहरू सञ्चालन गर्दै आएको छ। संगठनले स्टार्टअप उद्यमशीलताका लागि पनि सहजीकरण गर्दै आएको छ।

> **औद्योगिक विकास, क्षेत्रीय सहकार्य तथा व्यवसाय-व्यवसायबीचको आपसी सहकार्य अभिवृद्धि गर्न उत्प्रेरकको भूमिका निर्वाह गर्ने उद्देश्यसाथ 'कोशी कनेक्ट' व्यावसायिक मिसन सुरु गरिएको संगठनले जनाएको छ।**

## नेसनल लाइफको बीमा शुल्क १०.२६ प्रतिशत वृद्धि



**काठमाडौं।** नेसनल लाइफ इन्स्योरेन्स कम्पनीको ३६औं वार्षिक साधारणसभा कम्पनी अध्यक्ष प्रेमा सिंहको अध्यक्षतामा काठमाडौंमा सम्पन्न भएको छ। अध्यक्ष सिंहले समीक्षा वर्षमा विभिन्न आर्थिक चुनौतीका बाबजुद कम्पनीको व्यवसाय सन्तोषजनक रहेको जानकारी गराउनुभयो। सो अवधिमा कम्पनीको कुल बीमाशुल्क १०.२६ प्रतिशतले वृद्धि भई सात अर्ब २५ करोड ९३ लाख रुपैयाँ पुगेको छ भने कुल लगानी ११.०४ प्रतिशतले बढेर ७७ अर्ब १० करोड २० लाख रुपैयाँ पुगेको छ। लगानीमा औसत ८.७६ प्रतिशत प्रतिफल प्राप्त भएको कम्पनीले जनाएको छ। सो अवधिमा कम्पनीले मृत्यु दाबी, अवधि समाप्ति र समर्पण मूल्य गरी कुल नौ अर्ब ४८ करोड ६५ लाख रुपैयाँ दाबी भुक्तानी गरेको छ।

कम्पनीले आफ्नो लगानी विविधीकरण गर्ने क्रममा हिमालयन बैंकको १३.६१ प्रतिशत संस्थापक सेयर खरिद गरेको छ भने सहायक कम्पनी 'नेसनल क्यापिटल लिमिटेड' मार्फत् मर्चेन्ट बैंकिङ सेवासमेत सञ्चालनमा ल्याएको छ। साथै, इटहरीमा आधुनिक व्यापारिक भवन निर्माण प्रक्रिया अघि बढाइएको जनाएको छ। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कम्पनीले ७० लाख २५ हजारभन्दा बढी आर्थिक सहयोग गरेको छ, जसमा प्रधानमन्त्री दैवी प्रकोप राहत कोष र काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थलाई २५-२५ लाख रुपैयाँ प्रदान गरिएको जनाएको छ।

लाभांशतर्फ चुक्ता पुँजीको ८.५ प्रतिशत नगद लाभांश र चार प्रतिशत बोनस सेयर वितरण प्रस्ताव साधारणसभाले सर्वसम्मतिले पारित गरेको छ। बोनस सेयर जारी भएपछि कम्पनीको कुल चुक्ता पुँजी पाँच अर्ब ६९ करोड १६ लाख ४९ हजार तीन सय २५ रुपैयाँ पुगेको पनि कम्पनीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

## नेपाल बैंकको ६६औं साधारणसभा



**काठमाडौं।** नेपाल बैंकको ६६औं वार्षिक साधारणसभा सञ्चालक समिति अध्यक्ष प्राडा. डिल्लीराज शर्माको अध्यक्षतामा काठमाडौंमा सम्पन्न भएको छ। साधारणसभाले आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षकको पारिश्रमिक, सेवा, शर्त र सुविधा पारित गर्दै महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त भएपछि लेखापरीक्षक नियुक्त गर्ने अधिकार सञ्चालक समितिलाई दिने प्रस्ताव सर्वसम्मतरूपमा पारित गरेको छ। बैंकको नियमावलीको नियम ३१ मा भएको व्यवस्थाअनुसार सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधासम्बन्धी व्यवस्थामा संशोधन गर्ने प्रस्ताव पारित गर्दै उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदानसमेत गरेको बैंककी प्रवक्ता प्रतिभा डंगोलद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

## प्रोग्रेसिभ फाइनान्सको २९औं साधारणसभा



**काठमाडौं।** प्रोग्रेसिभ फाइनान्सको २९औं वार्षिक साधारणसभा कम्पनीका अध्यक्ष लक्ष्मीप्रसाद महर्जनको अध्यक्षतामा बुधबार काठमाडौंमा सम्पन्न भएको छ। अध्यक्ष मर्हजनले चालु आर्थिक वर्षमा संस्थाले सञ्चालन गरेका तथा आगामी आर्थिक वर्षमा संस्थाले सञ्चालन गर्ने कार्यक्रम तथा योजनाहरूबारे जानकारी गराउनुभएको थियो। सभामा वार्षिक प्रतिवेदनका सम्बन्धमा उठेका प्रश्न एवं जिज्ञासाको जवाफ दिँदै उहाँले हाल वित्तीय क्षेत्रमा देखिएका चुनौतीहरूका कारण संस्थाले अपेक्षितरूपले व्यवसाय वृद्धि गर्न नसके पनि अनुपालना, व्यावसायिक गुणस्तर अभिवृद्धि, वित्तीय सुशासन, जोखिम व्यवस्थापन जस्ता क्षेत्रहरूमा अपेक्षित प्रगति हासिल गरिरहेको बताउनुभयो। साधारणसभाले आर्थिक वर्ष २०८१/८२ को वित्तीय अवस्थाको विवरण, नाफा/नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण साथै सम्पूर्ण अनुसूचीहरूसहितको वित्तीय विवरण पारित गरेको छ। उक्त कम्पनीले हाल २३ शाखा कार्यालय तथा चार एक्सटेन्सन काउण्टरमार्फत् नवीनतम प्रविधिहरू उपयोग गरी सेवा प्रवाह गर्दै जनाएको छ।

## लुम्बिनी बैंकको १८औं साधारणसभा



**काठमाडौं।** लुम्बिनी विकास बैंकले बुधबार १८औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। बैंक सञ्चालक समिति अध्यक्ष चिन्तामणि भट्टराईको अध्यक्षतामा भएको साधारणसभामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदनमाथि सहभागी सेयरधनीले उठाएका जिज्ञासाहरूको अध्यक्ष भट्टराई र बैंकका प्रमुख कार्यकारी अधिकृत नरेश सिंह बोहराले जवाफ दिनुभएको थियो। देशका सातै प्रदेशमा शाखा सञ्चालन गर्दै आएको लुम्बिनी विकास बैंकले हाल विभिन्न स्थानमा ८९ शाखा र एक विस्तारित शाखा(एक्सटेन्सन काउण्टर) मार्फत् सेवा प्रदान गर्दै आएको छ। 'निरन्तर सहयात्रा' भन्ने नारासहित बैंकले उच्चस्तरीय, आधुनिक र नवीनतम प्रविधियुक्त सुरक्षित बैंकिङ सेवा उपलब्ध गराउँदै आएको जनाएको छ।

## मञ्जुश्री भर्चुअल क्रेडिट कार्ड




**काठमाडौं।** ग्राहकलाई सधैं नवीनतम बैंकिङ सेवा दिन अग्रसर मञ्जुश्री फाइनान्स लिमिटेडले 'मञ्जुश्री भर्चुअल क्रेडिट कार्ड' सार्वजनिक गरेको छ। ग्राहकले मञ्जुश्री स्मार्ट मोबाइल बैंकिङ एपमार्फत् सजिलै कारोबार गर्नसक्ने मञ्जुश्री भर्चुअल क्रेडिट कार्डबाट ग्राहकले फोनपेको कुनै पनि मर्चेन्ट क्युआरमा सजिलै भुक्तानी गर्न सक्नेछन्। आफ्नो मोबाइलमै हुने, आफूले चलाएको रकमको विवरण तुरुन्तै हेर्न मिल्ने तथा न्यूनतम १५ दिनदेखि अधिकतम ४५ दिनसम्म बिनाब्याज क्रेडिट कार्ड सीमासम्मको सुविधा उपयोग गर्न मिल्ने व्यवस्था मञ्जुश्री भर्चुअल क्रेडिट कार्डमा रहेको छ। आफ्नो क्रेडिट कार्ड लिमिटसम्मको रकम सहजै चलाउन मिल्ने तथा क्युआर स्क्यान गरी सजिलै भुक्तानी गर्न मिल्नेलगायतका सुविधा रहेको मञ्जुश्री भर्चुअल क्रेडिट कार्डले ग्राहकलाई थप वित्तीय सेवा दिने विश्वास कम्पनीले लिएको छ। हालसम्म करिब २४ अर्ब निक्षेप संकलन तथा २०.५ अर्ब कर्जा प्रवाह गरेको कम्पनीले २७ शाखाका साथै एउटा विस्तारित काउण्टरबाट एक लाख ८० हजारभन्दा अधिक सन्तुष्ट ग्राहकलाई सेवा प्रदान गर्दै आएको छ। कम्पनीले मञ्जुश्री भर्चुअल क्रेडिट कार्डलाई नवीन सुविधाका रूपमा सुचारु गरिएको जनाएको छ।

## टिकटक बन्यो फिफाको प्रथम रुचाइएको प्लेटफर्म




**काठमाडौं।** टिकटकले फिफासँग एक सम्झौतामार्फत् विश्वव्यापी साझेदारी गरेको छ। जसअनुरूप टिकटक फिफाको हालसम्मकै प्रथम रुचाइएको प्लेटफर्म बन्नेछ। साझेदारीमार्फत् फिफा विश्वकप २०२६ को आधिकारिक कभरेज विस्तार हुनेछ भने बीहाइण्ड-द-सीनएक्सेस र इन्टरएक्टिभ फ्यान अनुभवहरू उपलब्ध हुनेछन्। सन् २०२६ को अन्त्यसम्म कायम रहने साझेदारीले फुटबलको सबैभन्दा ठूलो प्रतियोगितालाई डिजिटल माध्यमबाट अनुभव गर्ने नयाँ चरणको सुरुवात गरेको छ। जसमा टिकटकले लाइभ खेल प्रसारणका अलावा समर्थक र कन्टेन्ट क्रिएटरलाई प्रतियोगितासँग जोड्ने केन्द्रीय भूमिका निभाउने बताइएको छ। सहकार्यले टिकटकलाई मौलिक सामग्रीको वृद्धिसँगै फिफा विश्वकप २०२६ को अझ व्यापक कभरेज प्रदान गर्न सक्षम बनाउने टिकटकले जनाएको छ।

प्रतियोगिताभर टिकटकले समर्थक र क्रिएटरका लागि मुख्य प्लेटफर्मका रूपमा स्थापित हुँदै इन्टरएक्टिभ र समुदायमा आधारित फुटबल अनुभव प्रदान गर्नेछ। साझेदारी फिफा महिला विश्वकप २०२३ का क्रममा टिकटक र फिफाबीच भएको सफल सहकार्यको निरन्तरता रहेको पनि टिकटकको भनाइ छ। फिफाका महासचिव माटिया सग्राफस्ट्रोमले भन्नुभयो, 'फिफाको लक्ष्य फिफा विश्वकप २०२६ को उत्साहलाई सम्भव भएसम्म धेरै समर्थकसम्म लैजानु हो, प्रतियोगिताको प्रथम रुचाइएको प्लेटफर्मका रूपमा टिकटक चयन गर्नु यो लक्ष्य अघि बढाउने सबैभन्दा उपयुक्त माध्यम हो। यस सहकार्यले विश्वभरका अझ धेरै समर्थकलाई फिफा विश्वकपसँग अभूतपूर्वरूपमा जोड्नेछ।'

## छ महिनामा पुँजीगत खर्च १२.१२ प्रतिशतमात्रै

**हिमालय टाइम्स**
काठमाडौं, १ माघ




चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिकमा सरकारको आम्दानी र खर्च दुवै खस्किएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार पुससम्ममा वार्षिक लक्ष्यको तुलनामा केन्द्र सरकारको आम्दानी ३८ र खर्च ३५ प्रतिशतमा खुम्चिएको हो। चालु आर्थिक वर्ष सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट ल्याएकोमा पुससम्ममा छ खर्ब ९० अर्ब २१ करोड ५४ लाख रुपैयाँ खर्च भएको छ। जुन वार्षिक लक्ष्यको ३५.१४ प्रतिशत हो। सो अवधिमा चालुतर्फको बजेट खर्च वार्षिक लक्ष्यको ४१.२५ प्रतिशत अर्थात् ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ बजेट विनियोजन भएकोमा हालसम्म चार खर्ब ८७ अर्ब १४ करोड ३१ लाख रुपैयाँ खर्च भएको छ। पुँजीगततर्फको खर्च पनि १२.१२ प्रतिशतमा सीमित छ। गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा १६.१६ प्रतिशत पुँजीगत खर्च भएको थियो।

चालु आर्थिक वर्षका लागि चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रुपैयाँ बराबरको पुँजीगत बजेट रहेकोमा हालसम्म ४९ अर्ब ४२ करोड ५४ लाख रुपैयाँमात्रै खर्च हुन सकेको हो। वित्तीय व्यवस्थातर्फ चालु आर्थिक वर्षका लागि तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख छुट्याइएकोमा पुससम्ममा एक खर्ब ५३ अर्ब ६४ करोड ४९ लाख रुपैयाँ खर्च भएको छ, जुन वार्षिक विनियोजनको ४०.९५ प्रतिशत हो।

चालु आर्थिक वर्ष सरकारले १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ कुल आम्दानी गर्ने लक्ष्य राखेकोमा पुससम्मको आम्दानी पाँच खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख रुपैयाँ अर्थात् वार्षिक लक्ष्यको ३८.३८ प्रतिशतमात्रै रहेको छ। अर्धवार्षिक अवधिको कुल आम्दानीभन्दा कुल खर्च एक खर्ब एक अर्ब ७० करोड १२ लाख रुपैयाँले बढी देखिएको छ। राजस्वतर्फ १४ खर्ब ८० अर्ब असुली लक्ष्य रहेकोमा ३९.०१ प्रतिशत अर्थात् पाँच खर्ब ७७ अर्ब ४० करोडमात्रै असुली भएको छ। जसमध्ये कर राजस्वतर्फ लक्ष्यको ३८.९३ प्रतिशत अर्थात् पाँच खर्ब १६ अर्ब ११ करोड ५१ लाख र गैरकर राजस्वतर्फ लक्ष्यको ३९.६९ प्रतिशत अर्थात् ६१ अर्ब २८ करोड ४८ लाख असुली भएको छ। चालु आर्थिक वर्ष ५३ अर्ब ४४ करोड ६९ लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य रहेकोमा हालसम्म सात अर्ब १० करोड ६९ लाख अर्थात् वार्षिक लक्ष्यको १३.३ प्रतिशतमात्रै प्राप्त भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

## नेसनल लघुवित्तको १६ प्रतिशत लाभांश पारित



**काठमाडौं।** नेसनल लघुवित्त वित्तीय संस्थाको १२औं वार्षिक साधारणसभा बनेपामा सम्पन्न भएको छ। सञ्चालक समितिका अध्यक्ष केशवप्रसाद आचार्यको अध्यक्षतामा भएको साधारणसभाले आर्थिक वर्ष २०८१/८२ को नाफाबाट कर प्रयोजनसहित सेयरधनीलाई १५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ।

२०७१ सालमा स्थापना भएको नेसनल लघुवित्त वित्तीय संस्था महिला सहयात्रा लघुवित्त वित्तीय संस्थालाई प्राप्ति तथा समिट लघुवित्त वित्तीय संस्था लिमिटेडसँग मर्जर भई बनेको हो। संस्थाले हाल सातै प्रदेशका ७४ जिल्लामा एक सय ८५ शाखा कार्यालयमार्फत् दुई लाख ५३ हजार विपन्न परिवारमध्ये एक लाख २२ हजार ऋणीलाई करिब २६ अर्ब रुपैयाँ कर्जा प्रवाह र करिब छ अर्ब ५० करोड रुपैयाँ बचत परिचालन गर्न सफल भएको जनाएको छ।

साधारणसभाले सम्बन्धित निकायबाट स्वीकृति लिई आठ लाख ७४ हजार चार सय ४३ कित्ता साधारण सेयर प्रिमियममा सार्वजनिक निष्कासन गर्ने तथा बोनस सेयर वितरणपछि कायम हुने चुक्ता पुँजीमध्ये संस्थापक समूहको १० प्रतिशत सेयर नियामक निकायको स्वीकृतिपछि सर्वसाधारणमा रूपान्तरण गर्ने प्रस्ताव पनि पारित गरेको छ। संस्थाका प्रमुख कार्यकारी अधिकृत रामबहादुर यादवले ग्राहकको हक-हित संरक्षण र प्रवर्द्धन गर्दै उद्यमशीलता विकास, वित्तीय साक्षरता अभिवृद्धि तथा प्रविधिको उच्चतम प्रयोगमार्फत् संस्था थप सुदृढ बनाउँदै लैजाने योजना रहेको बताउनुभएको छ।

## १३ प्रतिशत लाभांश पारित

**काठमाडौं।** नागरिक लगानी कोषको ३१औं साधारणसभाले १३ प्रतिशत लाभांश दिने प्रस्ताव पारित गरेको छ। कोष सञ्चालक समितिका अध्यक्ष तुलसीप्रसाद घिमिरेको अध्यक्षतामा सम्पन्न साधारणसभाले आर्थिक वर्ष २०८१/८२ को आम्दानी बाँडफाँट हिसाब विवरणमा छुट्याइएको प्रस्तावित पाँच प्रतिशत बोनस सेयर र आठ प्रतिशत नगद लाभांश प्रस्ताव पारित गरेको हो। त्यसैगरी आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पनि पारित भएको छ।

कोष सञ्चालक समितिका अध्यक्ष घिमिरेले कोषका कार्यक्रममा नसमेटिएका स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका सर्वसाधारणलाई समेट्ने गरी नागरिक पेन्सन योजनालाई प्रवर्द्धन गर्दै लैजाने योजना रहेको बताउनुभयो। आगामी दिनमा कोषले बचत संकलन दायरा विस्तार गर्दै जाने उहाँको भनाइ थियो। कोषले नेपाल सरकारका प्राथमिकतामा रहेका परियोजनामा लगानी बढाउने, सहभागीहरूलाई प्रदान गर्दै आएको सहभागी कर्जा विस्तार गर्ने, सेयर धितो कर्जा प्रदान गर्ने, जोखिम विश्लेषण गरी उपयुक्त पूर्वाधारसम्बन्धी परियोजनामा लगानी बढाउँदै लैजाने पनि उहाँले बताउनुभयो। साधारणसभामा सेयरधनीका जिज्ञासामा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले जवाफ दिनुभएको थियो। कार्यकारी निर्देशक कार्कीले हाल अधिक तरलताका कारण कोषको मौज्दात रकम पूर्णरूपमा परिचालन गर्न चुनौतीपूर्ण रहेको बताउनुभएको थियो।

## इन्फिनिटीको नवौं साधारणसभा

**काठमाडौं।** इन्फिनिटी लघुवित्त वित्तीय संस्थाको नवौं वार्षिक साधारणसभा गैंडाकोटमा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष विष्णुकुमार घिमिरेको अध्यक्षतामा भएको साधारणसभामा कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत ज्ञानीश्वर पन्तले उपस्थित सञ्चालक, अतिथि तथा सेयरधनीलाई स्वागत गर्नुभएको थियो। साथै आर्थिक वर्ष २०८१/८२ सम्मको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, मर्जर तथा एक्विजिसनसम्बन्धी प्रस्तावहरू पनि पारित गरेको छ। आगामी कार्यकालका लागि विष्णुकुमार घिमिरे, रामकृष्ण डंगोल, रमेश कर्माचार्य तथा शशि तिमल्सिनालाई सञ्चालक समितिमा निर्विरोध निर्वाचित गरिएको पनि संस्थाले जनाएको छ।

## होम सहकारीको १७औं वार्षिक साधारणसभा

**रामहरि कार्की/हिटा**
ललितपुर, १ माघ

होम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७औं वार्षिक साधारणसभा बुधबार ललितपुरमा सम्पन्न भएको छ। संस्थाका ज्येष्ठ सदस्य सानुबाबु महर्जनको प्रमुख आतिथ्यतामा भएको साधारणसभामा संस्थाको वर्तमान अवस्था, आगामी कार्यदिशा तथा आर्थिक चुनौतीबारे गहन छलफल गरिएको थियो।

संस्थाका अध्यक्ष मुकुन्द महर्जनले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक, सामाजिक तथा संस्थागत प्रगतिबारे सदस्यहरूलाई जानकारी गराउनुभएको थियो। संस्थाले आर्थिक अनुशासन कायम राख्दै सदस्यकेन्द्रित सेवा विस्तारमा जोड दिएको उहाँले बताउनुभयो। अध्यक्ष महर्जनका अनुसार आर्थिक वर्ष २०८१/८२ मा संस्थाको कुल कारोबार छ करोड २९ लाख रुपैयाँ पुगेको छ भने संस्थाको सेयर पुँजी ४१ लाख ४९ हजार रुपैयाँ, कर्जा लगानी दुई करोड ९६ लाख रुपैयाँ रहेको छ। २०६५ सालमा स्थापना भएको होम बचत तथा ऋण सहकारी संस्था सहकारी ऐन, नियमावली तथा सहकारीका मूल्य-मान्यताअनुसार सञ्चालन हुँदै आएको छ। 'समुन्नत भविष्यका लागि बचत गर्ने बानी बसालौं' भन्ने नारासहित स्थापना भएको संस्थाले १७ वर्षको अवधिमा विभिन्न अनुभव र उपलब्धि हासिल गरेको अध्यक्ष महर्जनले बताउनुभयो। उहाँका अनुसार संस्थाले सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिलाई प्राथमिकतामा राख्दै कार्यक्रम सञ्चालन गर्दै आएको छ। हाल संस्थामा पाँच सय ९४ जना सेयर सदस्य आबद्ध रहेका छन्। संस्थाको प्रतिवेदनअनुसार देशको वित्तीय क्षेत्रमा देखिएको सुस्तता, राजनीतिक अस्थिरता तथा व्यापार-व्यवसायमा आएको असरका कारण बैंक, वित्तीय संस्था तथा सहकारी क्षेत्रमा कर्जा मागमा कमी आएको छ। तरलता वृद्धि भए पनि कर्जा लगानी र असुली चुनौतीपूर्ण बन्दै गएको उल्लेख छ।

संस्थाको लेखा सुपरीवेक्षण समितिका संयोजक भुपेन्द्रमान बज्राचार्यले लेखा व्यवस्थापनसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै हाल कर्जा लगानीमा केही कमी आएको देखिए पनि संस्थाको कारोबार चुस्त र दुरुस्त रहेको बताउनुभयो। साधारणसभाले संस्थालाई अझ व्यवस्थित, पारदर्शी र सदस्यमैत्री बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ।

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल